का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ जेठ २०७९,
आइतबार
12 June 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १२७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



कञ्चपुरको बेलौरी नगरपालिकाको कलकत्ताका किसान छरुवा (डिएसआर) प्रविधिबाट खेतमा मेसिनको सहायताले धान छर्दै । तस्वीरः राजेन्द्रप्रसाद पनेरु

# अर्को उल्झन बीआरआई !

कुटनीतिक मामिलाका जानकार र विज्ञहरुले बीआरआईमा एमसीसीको गन्ध देखा परिसकेको स्वीकार गरेका छन् । परिस्थिति विगतमा जस्तो नरहेको भन्दै कूटनीतिक सन्तुलन मिलाएर मात्र बीआरआई अगाडि बढाउन सुझाएका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

कुटनीतिक मामिलाका जानकार र विज्ञहरुले चीनको महत्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा अमेरिकी सहयोग सम्बन्धी सम्झौता एमसीसीको गन्ध देखा परिसकेको स्वीकार गरेका छन् ।

परिस्थिति बीआरआईमा सम्झौता गर्दाको जस्तो अवस्था नरहेको, एमसीसी पारित गर्दा तानिएको अर्न्तराष्ट्रिय चासो र अमेरिका र चीन वादप्रतिवादमै उत्रिएको घटनालाई स्मरण गरिनुपर्ने अन्यथा समस्या आउन सक्ने सरोकारवाला र विज्ञहरुको सुझाव रहेको छ ।

शनिवार काठमाडौंमा न्यूज सोसाइटी नेपालले बीआरआईका सन्दर्भमा छलफल कार्यक्रम आयोजना गरेको थियो । बीआरआईबारे अन्तर्राष्ट्रिय अनुभव र नेपालमा यसको सान्दर्भिकता विषयक कार्यक्रममा नेपाल र श्रीलंकाका विज्ञहरुले राष्ट्रिय हित र कूटनीतिक सन्तुलनलाई ध्यान दिएर मात्रै बीआरआई अगाडि बढाउनु उपयुक्त हुने सुझाएका हुन् ।

बीआरआईमा नेपालले सन् २०१७ मा हस्ताक्षर गरेको थियो । तर, अहिलेसम्म यो परियोजना अघि बढ्न सकेको छैन । बीआरआईभन्दा पछि हस्ताक्षर भएको अमेरिकी परियोजना एमसिसी सम्झौता संसदबाटै अनुमोदन भएर कार्यान्वयनको प्रक्रियामा गइसक्दा समेत त्यसभन्दा पहिले हस्ताक्षर भएको बीआरआई परियोजना अघि नबढेको भन्दै कतिपयले प्रश्न उठाउँदै आएका छन् ।

अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी श्रीलंकाले अस्वीकार गरेको थियो । श्रीलंकाले अस्वीकार गरेको परियोजना नेपालले पनि लिन नहुने भनी नेपालका कतिपयले आवाज उठाएका थिए । यो आवाज चर्को रुपमा उठेपनि अन्तत संसदबाटै एमसीसी परियोजना सम्बन्धी सम्झौता अनुमोदन भयो । बीआरआईका सन्दर्भमा एमसीसीमा जस्तो ठूला र शक्ति राष्ट्रहरु टकरावकै उत्रने गरी नेपाल अगाडि बढ्न नहुने सरोकारवालाहरुको सुझाव रहेको छ ।

परराष्ट्र मामलाका जानकार गेजा शर्मा वाग्ले नेपालले बीआरआईमा हस्ताक्षर गरेका कारण यसलाई अघि बढाउनुपर्ने नैतिक दायित्व रहेको बताउँछन् । सम्झौता गरेका कारणले पनि नेपालका सामु बीआरआई अगाडि बढाउन राजनीतिक, कूटनीतिक र भूराजनीतिक वातावरण बनाउनुपर्ने बाध्यता रहेको बताउँछन् । उनी भन्छन्, 'तथापि, यस्ता परियोजना नेपालको राष्ट्रिय आवश्यकता, प्राथमिकता

– बाँकी पृष्ठ २ मा



प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख

# ठुला दल छोड्दै कमल थापा बोक्दै


प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको माग रास्दै आएका नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेसका केही नेताहरु पछिल्लो समय मौन छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

२०६४ सालको पहिलो संविधानसभाको चुनावपछि नेपालको शासकीय स्वरुपको विषयमा निकै छलफल भएको थियो । त्यसबेला तत्कालिन नेकपा माओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानसपातिक निर्वाचन प्रणालीको वकालत गरेको थियो भने नेकपा एमालेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र समानुपातिक निर्वाचन प्रणालीको वकालत गरेको थियो ।

तर, नेपाली कांग्रेस संसदीय व्यवस्थामा एकढिक्का थियो भने कांग्रेसका हालका महामन्त्री गगन थापा लगायतका नेताहरुले त्यसबेला संसदीय व्यवस्थाभित्रै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जानुपर्ने भनी आवाज उठाएका थिए । तर, पहिलो संविधानसभाले संविधान बनाउन सकेन् ।

२०७० सालको दोस्रो संविधानसभा सभामा पनि शासकीय स्वरुप र निर्वाचन प्रणालीको विषयमा व्यापक छलफल भयो । कुनै पनि राजनीतिक दलको बहुमत नभएका कारण सबै दलले





मिलेर सहमतिमा संविधान बनाए । जसमा कुनै पनि दलले भनेको जस्तो व्यवस्था स्थापित भएन । कम्युनिस्टहरु पनि संसदीय व्यवस्थालाई नै सुधारिएको भनी समानुपातिक समावेशी प्रतिनिधित्वलाई राखेर अगाडि बढ्न तयार भए ।

परिणाममा २०७२ सालमा जारी भएको संविधानले एक ढंगले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्थालाई रोक्यो । तैपनि, एमाले, माओवादी केन्द्रका नेताहरुले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्ने भन्ने विषयलाई निरन्तर उठाँउँदै आए । माओवादी केन्द्रले संविधानको मस्यौदामा राखेको संशोधन प्रस्तावमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानपातिक निर्वाचन प्रणाली हुनुपर्ने विषय छ । तर, पछिल्लो समय विगतका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको चर्को वकालत गर्ने दलहरु मौन छन् ।

माओवादीकै एक नेता भन्छन्, '२०७० साल वरिपरीसम्म पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराई लगायतका नेताहरु प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भए

– बाँकी पृष्ठ २ मा

# उठ्न थाल्यो फोहोर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ जेठ ।

काठमाडौंमा गल्ली र कुनामा हप्तौँदेखि थुप्रिएको फोहोर व्यवस्थापन हुने संकेत देखिएको छ । बञ्चरेडाँडाका स्थानीयबासीले विरोध जनाउँदा लामो समयदेखि उठ्न नसकेको फोहोर अब भने उठ्ने देखिएको हो । शनिबार मात्रै नुवाकोटको बञ्चरेडाँडास्थित ल्यान्डफिल साइटमा करिब दुई हजार ३ सय मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको छ । काठमाडौंबाट लगिएका दुई हजार ३ सय मेट्रिक टन फोहोर शनिबार ल्यान्डफिल साइटमा व्यवस्थापन गरेको महानगरपालिकाले जनाएको हो । त्यस्तै, शुक्रबार १५३ ट्रक फोहोरको व्यवस्थापन गरिएको थियो । शुक्रबार र शनिबार भने फोहोर ढुवानी तथा विसर्जन गर्न स्थानीयले अवरोध गरेका थिएनन् ।

फोहोर व्यवस्थामा खटिएका व्यक्तिहरु फोहोर अबको केही समयमै फोहोर व्यवस्थापन हुने बताउँछन् । ' यही गतिमा काम भएपछि केही दिनमै सहरका सडक सफा हुनेछन्,' उनले भने । बञ्चरेडाँडाका स्थानीयबासीले विरोध जनाउँदा लामो समयदेखि काठमाडौंको फोहोर उठ्न सकेको थिएन । उनीहरूसँग सहमति भएपछि पुनः फोहोर उठाउने सहमति भएको हो ।फोहोरका कारण शहरको सौन्दर्यता घटेको भन्दै काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले फोहोरको छुट्याउन अनुरोध गरेकी छिन् । 'यहाँहरू सबैलाई विनम्र अनुरोध छ फोहोर घरैबाट जैविक-अजैविक छुट्टाइदिनुहोला। केही समय गाह्रो होला तर पछि बानी पर्दै गएपछि यस्तो सजिलो काम अगाडि नै गर्नुपर्ने रहेछ भन्ने पनि लाग्न सक्छ। सकेसम्म जैविक फोहोरहरूलाई घरैमा मल बनाउन पनि अनुरोध गर्छु।' 'हामीले फोहोर मैला व्यवस्थापन पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं। र हिजोबाट फोहोर पनि उठ्न थालेको छ,' उनले भनिन् । यसअघि पनि काठमाडौं महानगरपालिकाले फोहोर नछुट्याए नउठ्ने बताएको थियो । तर, उपत्यकावासीको लापरवाही र सरकारको संयमितता नहुँदा वर्षायाममा परेको पानीले सडक थप दुर्गन्धित बनेको छ ।

यद्यपि, महानगरपालिकाले पनि फोहोर व्यवस्थापनको लागि दीर्घकालीन योजना ल्याउने तयारी गरेको बताईरहेको छ ।



वैदेशिक रोजगार विशेष

# म्यानपावर कम्पनीको इजाजत नवीकरणका लागि विभागले निकाल्यो सूचना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ

वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरणको सूचना सार्वजनिक गरेको छ । विभागले इजाजतपत्र नवीरकरण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीलाई वैदेशिक रोजगार ऐन तथा नियमावलीले अनिवार्य गरेका कागजातसहित निवेदन दिन आग्रह गरेको हो ।

वैदेशिक रोजगार व्यवसायी संघ तथा प्रमुख राजनीतिक दल निकट विभिन्न वैदेशिक रोजगार व्यवसायीको संस्थाले संख्या सय नपुगेका व्यवसायीको पनि इजाजत नवीकरण गर्ने व्यवस्था हुनुपर्ने माग गरिरहेको बेला विभागले नवीकरणका लागि सूचना सार्वजनिक गरेको हो ।

विभागले गत वर्ष पनि जेठ महिनाको अन्तिममा सूचना सार्वजनिक गरेर नवीकरणका लागि आह्वान गरेको थियो । गत वर्ष असार १४ र त्यसभन्दा अघिल्लो वर्ष असार २९ गते मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐनको बाधाअड्काउ दफा ८२ प्रयोग गरी सय जना कामदार पठाउन नपाएका समेत सबैको इजाजतपत्र नवीकरण गर्ने निर्णय गरेको थियो ।

विभागले इजाजतपत्र नवीरकण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीहरुलाई निवेदनका साथमा नवीकरण दस्तुर बुझाएको भर्पाई, कम्पनी दर्ताको प्रमाणपत्र, आयकर दर्ताको प्रतिलिपि, गत आर्थिक वर्षको कम्पनी अध्यावधिक, डिजिटल म्यापसहित कम्पनी कार्यालय रहेको ठेगाना, गत वर्षको कर बुझाएको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने बताएको छ ।

त्यसैगरी आर्थिक वर्ष ०७७/०७८ मा पूर्व श्रम स्वीकृति लिएको संख्या, अन्तिम श्रम स्वीकृति लिएको संख्या, पठाएका कामदारको संख्या, अन्तिम स्वीकृति लिएर पठाउन बाँकी संख्या, मुद्दा फछ्र्यौटको अवस्था, आर्थिक वर्ष ०७८/०७९ मा कम्तीमा एक सय जना कामदार पठाएको विवरण, आर्थिक वर्ष ०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन, कम्तीमा एक वर्ष अवधि बाँकी रहेको बैंक ग्यारेन्टी पत्रको प्रतिलिपि, कानून व्यवसायी प्रतिनिधि भए अख्तियारनामा र कर्मचारी भए अख्तियारयारनामा र परिचयपत्र पेश गर्न सूचनामा उल्लेख छ ।

ऐनको व्यवस्था अनुसार नियमितरुपमा असार मसान्तसम्म र मासिक दश हजारका दरले जरिवाना तिरेर असोज मसान्तसम्म म्यानपावर कम्पनी नवीकरण गर्न पाउने व्यवस्था रहेको छ ।

व्यवसायीहरूले मन्त्रिपरिषद्को बैठकले संख्या सयको प्रावधान हटाउन ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेको र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस सम्बन्धमा एउटा कार्यदल गठन गरी प्रतिवेदनसमेत

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२९ जेठ २०७९, आइतबार
12 June 2022, Sunday


# हाइटेन्सनमा चढेका पुरुषको उद्धार, प्राधिकरणलाई एक करोड घाटा

**काठमाडौं/मस-** नुवाकोटको ककनीबाट विद्युतको हाइटेन्सन लाइनमा चढेका प्रेम बिक (माइला)लाई नेपाली सेनाले उद्धार गरेको छ। हेलिकप्टर मार्फत टिम परिचालन गरेर उनको सकुशल उद्दार गरिएको नेपाली सेनाका प्रवक्ता (सहायकरथी) नारायण सिलवालले जानकारी दिए।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले उनको उद्धार गर्न सहयोग मागेपछि नेपाली सेनाको हेलिकप्टरसहितको टोली ककनी पुगेको थियो।

शनिबार बिहान करिब १० बजे बेलकोटगढी नगरपालिका-१३ घलेगाउँका ४५ वर्षीय माइला प्रसारण लाइनको विद्युतीय पोलमा चढेका थिए। उनी चढेको देखेपछि स्थानीयले प्रशासनलाई भनेर विद्युत लाइन बन्द गराउन लगाएका थिए। पोलपछि उनी तारमा समेत झुन्डिन पुगेका थिए। उनलाई स्थानीय तथा प्रहरीले खाना खुवाउन बोलाएर पनि तल झार्ने प्रयास गरेका थिए। तर उनी झरेनन्।

यसरी दिनभर जस्तो विद्युत आपूर्ति बन्द हुँदा नेपाल विद्युत प्राधिकरणले भारतबाट आपूर्ति गरेको थियो। दिनभर विद्युत बन्द हुँदा एक करोडको हाराहारीमा क्षति पुगेको नेपाल विद्युत प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईले जानकारी दिए।



**दिनभरि तनाव**

शनिबार बिहान १० बजे ककनी गाउँपालिका वडा नं ७ स्थित प्रसारण लाइनको पोलमा चढेका प्रेम बिक 'माइला' लाई दिनभर उद्धारको प्रयास गरिएको थियो। नेपाल प्रहरी, नेपाली सेना र स्थानीयले दिनभर गरेको उद्धारको प्रयास सफल हुन नसकेपछि प्रधानमन्त्री शेरबहादुर देउवा र उर्जामन्त्री पम्फा भुसालले समेत सेनाको मद्दत मागेका थिए।

माइला बिहान १० बजे नै ककनी नगरपालिका वडा नं ७ स्थित बिजुली पोलमा चढेका थिए। उनी तारमा चढ्दा ६० मेगावाटको आयोजना नै दिनभर बन्द भयो। बिहान १० बजेदेखि त्रिशुली थ्री ए जलविदुत आयोजना बन्द हुँदा काठमाडौंको विद्युत व्यवस्थापनमा समेत समस्या परेको नेपाल विद्युत प्राधिकरणले जनाएको छ।

**गलत कार्यमा संलग्न**

ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङका अनुसार बिकमा मानसिक असन्तुलन देखिएको छ। त्यसैले फकाएर, लोभ्याएर तल झार्न खोज्दा पनि उनी दिनभर झर्न मानेन्। दिनभरि भोकै तिर्खै उनले तारमै उताउता हिंडेर बिताइरहे। स्थानीयका अनुसार उनी पहिला पनि यस्तै गलत कार्यहरुमा संलग्न हुँदै आइरहेका व्यक्ति हुन्। पोलमा चढ्ने, सोलारका पाताहरु निकालेर बेच्ने इत्यादि गरेको भेटिएको स्थानीयले बताएका छन्।

# भासिएको सडक एकतर्फी सञ्चालन



**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुँ, २८ जेठ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-४ पावरहाउस नजिक सडक भासिएको ठाउँबाट सबै सवारसाधन सञ्चालन गरिएको छ।

सडक भासिएको ठाउँको कुनापट्टि भित्ता खन्ने काम जारी रहँदा शनिबारदेखि सबै खाले सवारी सञ्चालन गरिएको हो।

उक्त खण्डमा एकतर्फीरूपमा सवारी सञ्चालन गराइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिएका छन्।

रातिको समयमा जोखिम हुने भएकाले शुक्रबार राति ७ बजेदेखि शनिबार बिहान ६ बजेसम्म सडक बन्द गरेर काम गरिएको थियो।

उनले भने, 'साना तथा ठूला सबै गाडी चलेका छन्, काम हुँदै गर्दा केही समय रोकेर सवारी पठाउने गरिएकाले केही समय जाम हुने गरेको छ।' सवारीसाधनको चाप रहेको र एकतर्फी सवारी सञ्चालन हुँदा पृथ्वीराजमार्गको आँबुखैरेनी-डुम्रे खण्डमा सवारीको जाम हुने गरेको छ।

केही दिनदेखि परेको निरन्तर वर्षाका कारण पृथ्वीराजमार्गको तनहुँ खण्डका विभिन्न ठाउँमा सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा सर्वसाधारणले कष्टकर यात्रा गर्नुपरेको छ।

मुग्लिङ-पोखरा सडकखण्ड विस्तारका क्रममा सडक खन्दा विभिन्न ठाउँमा सडक हिलाम्मे भएपछि सवारी फस्ने गरेका छन्। तनहुँ खण्डका आँबुखैरेनी, डुम्रे, छिर्कने, घाँसीकुवा, म्याग्दे, दुलेगौडालगायतका ठाउँमा सडक बिग्रिएर खाल्डाखुल्डी हुँदा घाम लाग्दा धुलो र पानी पर्दा हिलोको समस्या हुने गरेको छ।

बन्दीपुर गाउँपालिका-१ रिमाल्नीमा बस र व्यास नगरपालिका-१२ मा आज दिउँसो ट्रक फसेका कारण केहीबेर राजमार्ग अवरुद्ध भएको थियो।

# अष्ट्रेलियाका लागि पर्यटन दूतमा शाह नियुक्त

**काठमाडौं/मस**-संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुदूरपश्चिमको अछाम कालिमाटीका युवा उद्यमी स्वतन्त्रप्रताप शाहलाई अस्ट्रेलियाका लागि पर्यटन दूतमा नियुक्त गरेको छ।

नेपाल सरकारको मन्त्रिस्तरीय निर्णयले उनलाई दुई वर्षका लागि पर्यटन दूतमा नियुक्त गरेको हो। मन्त्रालयले शनिबार उनलाई पर्यटन दूतमा नियुक्त गरिएको



नियुक्तिपत्र प्रदान गरेको छ।

मन्त्रालयका सहसचिव होमप्रसाद लुइँटेलले शाहलाई पर्यटन दूतमा नियुक्त गरेको नियुक्तपत्र हस्तान्तरण गरेका छन्। शाहले नेपाली राजदूतावाससहित सरोकारवाला निकायसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनका लागि काम गर्नुपर्ने बताइएको छ।

शिक्षण र होटल व्यवसायमा आबद्ध शाह अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासङ्घका अध्यक्षसमेत छन्। यसैगरी उनले गैरआवासीय नेपाली संघ अष्ट्रेलियाका लागि उपाध्यक्ष भएर काम गरिसकेको बताइएको छ।

कला क्षेत्रमासमेत रुचि राख्ने शाहले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा लिएको मन्त्रालयले जनाएको छ।

# खत्रीलाई २० हजार बढी आर्थिक सहयोग

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, २८ जेठ



पश्चिम दाङको बबई गाउँपालिका ५ जौबारीका कलम सिंह खत्रीलाई आर्थिक सहयोग गरिएको छ। विगत १० महिनादेखि विस्तारामा थला परेका खत्रीलाई सञ्चारकर्मी रामप्रसाद सुवेदीको सक्रियतामा संकलित २० हजार ५ सय ५५ रुपैयाँ उनको श्रीमती दण्डी खत्रीलाई हस्तान्तरण गरिएको हो।

य स अ ि घ संचारकर्मी सुवेदीसहित सामाजिक अभियान्ताहरु झुपलाल बुढा क्षेत्री, देवबहादुर वली र भिमिसरा खड्कासहितको टोली खत्रीको घरमै पुगेर भिडियो निर्माण गरी युट्युब च्यानल मुक्तक माधुरीमा अप्लोड गरी सहयोगको लागि अपिल गरिएको थियो। उक्त भिडियो हेरेर देश विदेशबाट संकलित रकम बिरामीको श्रीमतीलाई हस्तान्तरण गरिएको हो। खत्रीको भिडियो हेरेर शान्तिनगर ७ धनौराबाट सुवास बुढाथोकीले दुई हजार पाँच सय पाँच, बबई गाउँपालिका २ बगाले हाल मलेसियाबाट विजय केसीले पाँच हजार ४ सय पच्चिस, बबई गाउँपालिका ५ हापुरेका देव बहादुर वलीले एक हजार पाँच सय तिन, बबई गाउँपालिका २ बगाले हाल मलेसिया निवासी एक युवाले नाम नखुलाउने सर्तमा तीन हजार बहत्तर, दंगीशरण १ श्रीगाउँ लेटारका सागर रोकाले एक हजार पचास, बबई गाउँपालिका ७ कालितराका सुन्दर ओलिले एक हजार रुपैयाँ र बबई गाउँपालिका ४ हस्तनापुर हाल दुबईबाट आफ्नो जन्मदिनको अवसरमा प्रज्ञा विश्वकर्माले छ हजार रुपैयाँ सहयोग गरेका छन्।

२०७८ भदौं १० गते राति काम सकेर घर फर्किन लाग्दा एक्कासी बेहोस् भएका खत्रीको अहिले हातखुट्टा र शरीर केही चल्दैन। अझै बिरामी खत्रीका लागि सहयोग गर्न चाहानेहरुले उनको श्रीमती दण्डी खत्रीको मोबाईल नम्बर ९८४११२६५८६ मा सम्पर्क गर्न सकिने जनाइएको छ।

**प्रत्यक्ष....**

जितिन्छ भन्ने विश्वासमा थिए। अहिले परिस्थिति बदलिएको छ।' उनी प्रश्न गर्छन, 'विगतका संसदीय व्यवस्थाबाट कार्यकारी प्रमुख हुन सकिन्न भन्नेमा रहेका प्रचण्ड र बाबुराम नै अहिले संसदीय अंकगणित मिलाएर मात्रै कार्यकारी प्रमुख हुन सकिन्छ भन्नेमा छन्। अनि किन उठाउँछन् कार्यकारी प्रमुखको एजेण्डा ?'

पहिले संसदीय अंकगणितले कार्यकारी प्रमुख हुन सकिन्न भन्ने नेताहरु अहिले संसदीय अंकगणितले मात्रै कार्यकारी प्रमुख हुन सकिन्छ भन्नेमा पुगेका कारण यो विषय ओझेलमा परेको कतिपयको विश्लेषण छ।

एमालेका नेताहरु पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विषयमा बोल्न छाडेका छन्। कांग्रेसको महामन्त्री भैरहेका गगन थापा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विषयमा बोलिरहेका छैनन्। यसका पछाडि नेपालको बदलिएको समाजको मनोविज्ञान भएको कतिपयको विश्लेषण छ।

खासगरी पछिल्लो समय दलहरुप्रति बढेको वितृष्णा र स्वतन्त्र उम्मेदवारहरुप्रति नागरिकहरुमा बढेको आस्थाका कारणले पनि यो विषयमा नेताहरु मौन बस्न थालेका हुन्।

काठमाडौंका जनताले महानगरको मेयरमा एमालेका पका नेता केशव स्थापितलाई छाडेर स्वात्नत्र उम्मेदवार बालेन्द्र शाहलाई रोजे। कांग्रेसकी सिर्जना सिंहलाई छाडेर स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहलाई रोज्न थाले। राजनीति र राज्यको नीति बुझेर मात्रै हुन्न जनालाई विश्वास जगाउन नसके हारिँदो रहेछ भन्ने नेताहरुमा परेको छ। यसैगरी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भनेर जाँदा राजनीति भन्दा टाढा रहेका व्यक्ति पनि मुलुकको नेतृत्व गर्न आइपुग्न सक्ने त्रास नेताहरुमा परेको देखिन्छ। अझ आगामी प्रदेश र संघीय चुनावमा समेत स्वतन्त्र उम्मेदवारहरुले धमाधम उम्मेदवारी घोषणा गरिरहँदा दलहरु कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचित हुनुपर्छ भनेर बोल्नै छाडेका छन्।

शनिवार मात्रै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अहिलेको निर्वाचन प्रणाली र शासकीय स्वरुपबारे सार्वजनिक अभिव्यक्ति दिए। तर, वितमा जस्तो गरी दह्रिलो भएर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा वकालत गरेनन्।

पोखरामा गण्डकी प्रदेशका स्थानीय तहमा माओवादी केन्द्रबाट निर्वाचित जनप्रतिनिधि र कार्यकर्ताको अभिमूखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले निर्वाचन प्रणालीको विषयमा भने आफ्नो असन्तुष्टि पोखे। माओवादी केन्द्रबाहेक कांग्रेस, एमालेभित्रका नेताले पनि निर्वाचन प्रणाली भड्किलो र खर्चिलो भएको, भ्रष्टाचार नै त्यहींबाट सुरु हुन्छ भन्ने बहस हुन थालेको भन्दै निर्वाचन प्रणालीका विषयमा केन्द्रीत भए।

उनले भने, 'यो विषयमा संविधान बनाउने बेलामा नै रिजर्भेसन राखेर निर्वाचन प्रणाली, शासकीय स्वरुप र पहिचानको मुद्दा ठीक ढंगले सम्बोधन भएको छैन, आउने दिनमा यसको निम्ति फेरि हामीले संविधान संशोधन, परिमार्जन गर्न जरुरी छ भनेर संविधानसभामा लिखित नोट अफ डिसेन्ट लेख्ने पार्टी हामी नै हो। प्रचण्डले थपे, 'हामीलाई नैतिक, राजनीतिक अधिकार छ लडाइँ लड्ने। विकृत पुँजीवादी निर्वाचन प्रणाली बदल्ने र जनताको पक्षमा निर्वाचन प्रणाली बनाउने र शासकीय स्वरुप पनि जनताले फैसला गर्ने बनाउने लडाइँ हामीले ढिलोचाँडो लड्नु छ।'

फेरि पनि प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा वकालत गरेनन्। बरु उनले आफुहरु संसदीय राजनीतिबाटै पार्टीलाई माथि उठाउनेमा रहेको कार्यकर्तालाई सुनाए।

उनले आगामी संसदीय निर्वाचनमा माओवादी केन्द्रलाई दोस्रो पार्टी बनाउने गरी तयारी थालेको दाबी गरे। प्रदेश र संघको निर्वाचनमा कांग्रेसलाई अहंकार बढ्न नदिने गरी ठिक्क ठाउँमा राख्न गठबन्धनका दलबीच छलफल भइरहेको बताउँदै उनले त्यसो गर्दा माओवादी केन्द्र दोस्रो पार्टी हुने सम्भावना रहेको उल्लेख गरे।

'माओवादी केन्द्र दोस्रो हुने भनेको कम्युनिस्ट आन्दोलनको पहिलो हुने हो। माओवादी केन्द्र पहिलो हुनेबित्तिकै हाम्रो नेतृत्वमा कम्युनिस्ट आन्दोलन पुनर्गठन हुन्छ,' प्रचण्डले भने।

प्रचण्ड, बाबुराम, गगन थापाहरुले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा वकालत गर्न छाडे पनि राप्रपा नेपालका अध्यक्ष कमल थापा यो मुद्दा उठाउन थालेका छन्। नेपालमा गणतन्त्र आएपछि पनि लामो समयसम्म राजतन्त्र फर्काउने भनी राजनीति गर्दै आएका थापा पछिल्लो केही महिना यता राजतन्त्र फर्किन संभव नरहेको निष्कर्षमा पुगेका छन् र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख आवश्यक रहेको भनी शासकीय स्वरुप बदल्नुपर्ने भनी जनताका बीचमा भनिरहेका छन्।

गत शनिबार विराटनगरमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै राप्रपा नेपालका अध्यक्ष थापाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने बताएका हुन्। धार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र समानुपातिक निर्वाचन प्रणाली आफूहरुको एजेन्डा रहेको उनको भनाई थियो। यो एजेन्डालाई आगामी प्रदेश र प्रतिनिधिसभा निर्वाचनमार्फत जनतामाझ लग्ने पनि उनले बताए।

नेपालमा बढ्दो बेरोजगारी समस्या, भ्रष्टाचार र कुशासनविरुद्ध राप्रपा नेपाललाई वैकल्पिक शक्तिका रुपमा उभ्याउने भनी थापाले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डा बोक्न थालेका हुन्।

मुलुक झन् झन् आर्थिक संकटतर्फ जान थालेकोमा चिन्ता जनाउँदै उनले यो संकटमा पार लगाउन सबै दलीय स्वार्थबाट माथि उठेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा उभिनुपर्ने जिकिर गरे। यही एजेण्डामार्फत राप्रपा नेपाललाई प्रमुख राजनीतिमा शक्तिमा रुपमा स्थापित गराएरै छाड्ने अध्यक्ष थापाको दृढता छ।

**अर्को...**

र प्रमुख राजनीतिक दलहरुको सहमतिको आधारमा अघि बढाउनुपर्ने हुन्छ।'
घोषित र अघोषित रुपमा त्रिकोणात्मक भूराजनीतिक र सामरिक प्रतिस्पर्धा नेपालमा रहेको उल्लेख गर्दै उनी थप्छन्, 'हामीले त्यसलाई मिनिमाइज गरेर नेपालको राष्ट्रिय आवश्यकताका आधारमा परियोजना लागू गर्नुपर्छ।'

सरोकारवालाहरु अमेरिका र भारतबीच नेपालमा कसले आफ्नो प्रभाव विस्तार गर्ने भन्नेमा सामरिक प्रतिस्पर्धा देखिएको पनि बताउँछन्। त्यसको एउटा उदाहरण बीआरआईमा नेपालको हस्ताक्षर भएको उनीहरुको तर्क छ। बीआरआईमा हस्ताक्षर हुनु अघि अमेरिकाले नेपाललाई भारतीय आखाँले हेर्ने गरेको तर, बीआरआईमा नेपाले हस्ताक्षर अमेरिका नेपालमा आफैं सक्रिय भएको कतिपयको बुझाइ रहेको छ।

कुटनीति र परराष्ट्र मामलाका जानकारहरु नेपाल शक्ति राष्ट्रहरुको खेल मैदान बन्न सक्ने खतरा औंल्याउँछन्। त्यो खतराको सुरुवात बीआरआईलाई हुन नदिने गरी नेपाल प्रस्तुत हुन सक्नुपर्ने उनीहरुको सुझाव छ।

नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ। संविधानमा नै असंलग्न परराष्ट्र नीतिमा नेपाल रहने उल्लेख भएकाले संविधानको मर्म भन्दा बाहिर नजाने गरी सरकारले विदेश नीतिमा कुटनीतिक चार्तुयर्ता कायम गर्न सक्नुपर्ने हुन्छ।

तर कतिपय विज्ञहरु बीआरआईलाई एमसीसी जस्तो कुटनीतिक विषय र शक्ति राष्ट्रहरुलको तारोको विषय बनाउन नहुने तर्क गर्छन्। बीआरआई आर्थिक विकाससँग जोडिएकाले सही पूर्वाधार छनोट गर्ने, छनोट गरेका आयोजनाहरु कार्यान्वयन गर्नमा ध्यान दिनुपर्ने उनीहरुको सुझाव छ। विकास आयोजनामा अनावश्यक शंकाले हेर्दा नेपाल विकासमा पछि पर्ने मत राख्नेहरु पनि छन्। तर, विकास आयोजनाका नाममा कसैले नेपालमाथि हस्तक्षेपको नीति लिउको खण्डमा नेपालले एक भएर प्रतिवाद गर्नुपर्ने र गर्न सक्ने उनीहरुको विश्वास छ।

शनिवारको कार्यक्रममा सहभागी श्रीलंकाका कूटनीति, इतिहास र सुरक्षा क्षेत्रका विज्ञ जर्ज आईएच कुकले आफ्नो देशमा भएका विदेशी लगानीको चर्चा गरे। श्रीलंकामा चीनको लगानीमा निर्मित परियोजना, त्यसको कार्यान्वयन लगायत विषयको पनि उनले विवेचना गरे। तर, कुनै पनि राष्ट्रबाट सहयोग लिँदा त्यसबाट दीर्घकालसम्म हुने प्रभाव वा असरका बारेमा विशेष ध्यान पुऱ्याउनुपर्ने उनको सुझाव छ। उनी भन्छन्, 'हामीले योजनाहरु स्वीकार गर्दा किन, केका लागि, कति समयको लागि भन्ने जस्ता विषयमा ध्यान दिनुपर्छ।'

**म्यानपावर...**

बुझाइसकेको भन्दै मन्त्रालय समस्या समाधानको पहल छिटोभन्दा छिटो गर्नुपर्ने माग गरेका छन्। उनीहरूले इजाजतपत्र नवीकरण हुने-हुने तनावले बजार प्रवर्द्धनका लागि विदेश जानसमेत अन्योलमा परेको बताएका छन्। एक व्यवसायीले भने, 'विदेश गएर कम्पनीसँग कामदार पठाउने सम्झौता गऱ्यो, यता म्यानपावर कम्पनीको इजाजत नवीकरण भएन भने मिहेनत र लगानी खेर जाने अवस्था छ।' नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले इजाजतपत्र संस्थालाई वैदेशिक रोजगारमा वार्षिक सय जना कामदार पठाउनुपर्ने अनिवार्य गर्ने विषय व्यावसायिक स्वतन्त्रता र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को मान्यता विपरीत नेपाल जबरजस्ती वा बाध्यकारी श्रमको हिमायती रहेको सन्देश अन्तर्राष्ट्रिय जगतमा प्रवाहित भएकोले संख्या सयको अनुचित प्रावधान सधैंको लागि हटाउनुपर्ने बताए।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विमल ढकालले विगतका वर्षहरूमा जस्तै व्यवसायीको इजाजत नवीकरण हुने व्यवस्था गर्न पहल भइरहेको बताउँदै आएका छन्। व्यवसायीहरूले यस वर्ष पनि कोभिडको प्रभावका कारणले पूर्णरूपमा काम गर्न नपाएकले सरकारले राहतस्वरूप नवीकरण हुने व्यवस्था गर्नुपर्ने माग गरेका छन्।

**श्री महाँकाल माध्यमिक विद्यालय**
महाँकाल गाउँपालिका-३, गोटिखेल, ललितपुर, बागमती प्रदेश, नेपाल

**विषयगत गणित प्रयोगशाला स्थापना गर्ने सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशित मिति : २०७९।०२।२९

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश हेटौडाको अनुदान सहयोगमा यस विद्यालयमा विषयगत गणित प्रयोगशाला स्थापना गन कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त योग्य तथा इच्छुक संस्था/कम्पनीहरुबाट तपशिलको सूचना अनुसार रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वन गरिएको छ। यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र दरभाउपत्र खरिद गरी १६ (सोह्रौं) दिन दिनको १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ।

| क्र.सं. | सूचना नं. | विषय | धरौटी रकम | किसिम | दरखास्त रकम |
|---|---|---|---|---|---|
| १ | १-२०७८/०७९ | विषयगत गणित प्रयोगशाला स्थापना सम्वन्धित सामाग्रीहरु | कबोल अंकको २.५% | वस्तु खरिद | १,०००/– |
| २ | २-२०७८/०७९ | फर्निचर (दराज, ऱ्याक, टेवल, कुर्सी) | कबोल अंकको २.५% | वस्तु खरिद | १,०००/– |

१. सूचना नं २ को हकमा फर्निचर तथा फर्निसिङ सम्बन्धी इजाजत प्राप्त कम्पनी वा संस्था हुनु पर्नेछ।
२. अन्य आवश्यक जानकारीका लागि विद्यालय प्रशासनमा बुझ्न सकिनेछ साथै दरभाउपत्र फाराममा उल्लेख गरिएको छ।

प्रधानाध्यापक

# पोल खुल्ने डरले हत्या !




**दिपक बाबू साउद/मध्यान्ह**
दार्चुला, २८ जेठ

दार्चुलाको शैल्यशिखर नगरपालिका-१ बारिलमा महिलालाई आगो लगाई जलाएको घटना हत्याका अभियुक्तलाई शुक्रबार प्रहरीले सार्वजनिक गरेको छ। जिल्ला सदरमुकाम खंलगामा पत्रकार सम्मेलन आयोजना गरी अभियुक्त ४२ वर्षीय भोजराज खडायतलाई सार्वजनिक गरिएको हो। पत्रकार सम्मेलनमा घटना र अभियुक्तको बारेमा जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी प्रमुख डिएसपी प्रतिक विष्टले विस्तृत जानकारी दिएका थिए। अनुसन्धानबाट स्थानीय भोजराज खडायतले घटना घटाएको खुल्न आएको दार्चुलाका प्रहरी प्रमुख डिएसपी प्रतिक विष्टले मध्यान्हलाई जानकारी दिए।

जेठ २५ गते बिहान वर्ष ४५ की अनिभा खडायतको शव घर नजिकैको खरको थुप्रोमा आगोले जलेको अवस्थामा फेला परेको थियो।

घटनाको जानकारी प्रहरीमा आएपछि अनुसन्धानका लागि दार्चुलाका प्रहरी प्रमुख प्रतिक विष्टको टोली घटनास्थल पुगेर घटनाको अनुसन्धान गरेको छ। प्रतिवादी खडायत चमेलिया जलविद्युत आयोजना बलाँचमा कार्यरत सुरक्षा गार्ड थिए। मृतकसँग उनको नाता गाउँले देवर भाउजुको रहेको प्रहरीले जनाएको छ। अनुसन्धानका क्रममा प्रतिवादी खडायतले जेठ २५ गते बिहानको समयमा मृतकलाई घर बाहिर बोलाई बारीमा लगेको र करणी गर्ने विषयमा विवाद हुँदा खडायतले ढुंगाले हानेको खुल्नमा आएको डिएसपी विष्टले बताए। ढुंगाले हानेर घर फर्किने क्रममा मृतकी छोरीले देखेपछि पोल खुल्ने डरले घटनास्थलमा गई खरले छोपेर आगो लगाई भोजराज खडायत फरार भएको अनुसन्धानबाट खुलेको उनले बताए।

महिलाको हत्या गरि उनले लगाएका सुनका गहना समेत प्रतिबादी खडायतले लगेको पाइएको छ। घटनास्थलमा टाउँकोमा चोट रही खरको थुप्रोमा जलेको महिलाको शब, चप्पल, पुरुषले प्रयोग गर्ने कट्टु, रगत जस्तो रातो पदार्थ लागेको ढुङ्गा फेला परेको छ।

उक्त घटना एक्लैले गरेको भनि भोजराज खडायतले प्रहरीसँग स्वीकार गरेका छन्। उनीविरुद्ध जिल्ला अदालत दार्चुलामा जबरजस्ती करणी, ज्यान सम्बन्धि कसुर र डाकाचोरी शिर्षकमा मुद्दा दर्ता गरिएको छ। अदालतले प्रहरीलाई थप अनुसन्धानका लागि ७ दिनको समय दिएको छ। घटना भएपनि भोजराज खडायत फरार रहेका थिए। उनलाई बैतडीको दोगाडाकेदार गाउँपालिका वडा नं ३ खोचलेक बाट २६ गते पक्राउ गरिएको थियो। उनको साथबाट प्रहरीले पर्ससहित नगद रुपैयाँ, सादा मोबाइल एक थान, मृतकले कानमा लगाएको बाली २ थान र नाकमा लगाएको नथिया एक थान बरामद गरेको छ।

प्रहरीले घटनाको अनुन्धानका लागि छिमेकी विरेन्द्र खडायत र तुला खडायतलाई पनि नियन्त्रणमा लिएको छ। उनीहरु विरुद्व अभद्र व्यवहार कुसुरमा मुद्दा दर्ता गरिएको दार्चुलाका प्रहरी प्रमुख विष्टले जानकारी दिए।

यी दुई जनालाई घटना गराएको आशंकामा प्रहरीले २५ गते नै नियन्त्रणमा लिएको थियो भने अपराध स्वीकार गरेका भोजराज खडायतलाई बिहीबार नियन्त्रणमा लिएको थियो। घटना घटेको दिन बिहान तुला खडायत र विरेन्द्र खडायत केटी हेर्ने भनि बझाङ तर्फ हिँडेका थिए। अभद्र व्यवहारको मुद्दा चलाइएका दुबै जना घटना घटेको दिन बिहान गाउँबाट बाहिर गएकाले शंकास्पद रुपमा रहेको प्रहरीको भनाई छ। घटना भएको अघिल्लो दिने तुला खडायत भन्ने व्यक्ति प्रतिवादी भोजराज खडायतसँगै रहेको खुल्न आएको छ।

# उद्योगी व्यवसायीका समस्याप्रति राज्य उदासीन



**शोभाखर पन्थी**
अर्घाखाची, २८ जेठ

उद्योगी व्यवसायीका समस्याप्रति राज्य उदासीन भएको भन्दै एक कार्यक्रमका सहभागीहरुले सरकारको ध्यानाकर्षण गराएका छन्।

अर्घाखाँची उद्योग वाणिज्य संघ सन्धिखर्कको ८ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनको उद्घाटन सत्रमा मन्तव्य राख्ने वक्ताहरूले मुलुकको विकास र समृद्धिमा योगदान पुऱ्याउने व्यवसायीका समस्या समाधानको निम्ति राज्यले विशेष पहल गर्नुपर्ने बताए। उनीहरूले मुलुकमा सरकार भएको अनुभुती गर्न नपाएको गुनासो समेत गरे।

कार्यक्रममा मन्तव्य राख्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष दिनेश श्रेष्ठले निजी क्षेत्रको अधिकारको निम्ति राज्यको ध्यानाकर्षण गराए। अहिले व्यवसायीहरु सबै तिरबाट शोषणमा परेको भन्दै उनले कतैबाट पनि सहयोग पाउन नसकेको गुनासो गरे।

सरकारले उद्योग सम्बन्धी नीति नियम बनाउँदा समग्र उद्योग व्यापारको क्षेत्रलाई हेरेर बनाउनुपर्नेमा सिमित व्यक्तिको मुख हेरेर बनाउने गरेकोप्रति उपाध्यक्ष श्रेष्ठको चिन्ता थियो।

उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश प्रमुख कृष्णप्रसाद शर्माले सरकारको स्थापना भन्दा पहिले स्थापना भएको नीजि क्षेत्र वर्षौंदेखि समस्यामा बल्झिएको बताए।

मुलुकमा रोजगारीको सिर्जना गर्ने, विना संकोच कर बुझाएर अर्थतन्त्र मजबुत पार्ने उद्योगी व्यवसायीलाई काम गर्ने अनुकूल वातावरण नभएको उनको गुनासो थियो।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोईरालाले मुलुकको विकास र समृद्धिको निम्ति नीजि क्षेत्रले पुऱ्याएको योगदान अतुलनीय रहेको बताए। अर्थतन्त्रलाई बलियो पार्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने उनको भनाइ थियो।

सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले आफुले नीजि क्षेत्रसँग मिलेर काम गर्ने बताए। नीजि क्षेत्रसँग मिलेर काम गर्दा छिटो, सहज र भरपर्दो हुने उनको भनाइ थियो। उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य समेत रहेका उनले सन्धिखर्कको विकासमा सहकार्य गर्न नीजि क्षेत्रलाई आह्वान समेत गरे। श्रेष्ठले फरक सन्दर्भमा सन्धिखर्क नगर पालिकाले नगरको फोहोरलाई मोहरमा परिणत गर्ने गरी काम भईरहेको समेत बताए।

अर्घाखाँची उद्योग वाणिज्य संघ सन्धि खर्कका अध्यक्ष युवराज श्रेष्ठको अध्यक्षता र महासचिव प्रदिप मिश्रको संचालनमा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य जमशेर मियाँ, चेम्बर अफ कमर्स अर्घाखाँचीका अध्यक्ष अशोक श्रेष्ठ, पत्रकार महासंघका अध्यक्ष अशोक खनाल लगायतका वक्ताहरूले मन्तव्य राख्दै उद्योगी व्यवसायीको पक्षमा आवाज उठाए।

कार्यक्रममा महासचिव प्रदिप मिश्रले सांगठनिक र कोषाध्यक्ष तुल्सिराम खनालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा उद्योग व्यापारको क्षेत्रमा रही योगदान पुऱ्याउने एक दर्जन बढी व्यवसायीलाई प्रमाणपत्र र दोसल्लाले सम्मान गरिएको थियो। कार्यक्रममा ठूलो संख्यामा उद्योगी व्यापारीको उपस्थिति रहेको थियो। यसैबीच अर्घाखाँची उद्योग वाणिज्य संघद्वारा जिल्ला अस्पतालमा निर्मित भवनको समेत एक समारोहबीच उद्घाटन गरिएको थियो।

# रेसुङ्गाका नवनिर्वाचित जनप्रतिनिधिहरुलाई अभिमुखिकरण

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, २८ जेठ

गुल्मीको रेसुङ्गा नगरपालिकाले नवनिर्वाचित जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम समपन्न भएको छ। नगरपालिका प्रमुख खिलध्वज पन्थी, उपप्रमुख अमृता देवी कुँवर, वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुको लागि अभिमुखिकरण कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ।

नवनर्विाचित जनप्रतिनिधिहरु सबै विषयमा जानकार नहुने भएकाले अभिमुखिकरण कार्यक्रमको आयोजना गरेको नगरप्रमुख पन्थीले बताए।

'धेरै विषयवस्तुमा नयाँ जनप्रतिनिधिहरु अनविज्ञ रहेकोले अभिमुखिकरण कार्यक्रम आयोजना गरेका हौं।' उनले भने, 'अभिमुखिकरण पछि वडा अध्यक्ष लगायत सबै जनप्रतिनिधिहरुलाई काम गर्न सजिलो हुनेछ।' उनले सबै वडाध्यक्षहरुलाई नागरिकको सेवा छिटो, छरितो र सहज



रुपमा गर्न पनि आग्रह गरेका छन्।

रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले कार्यक्रमको सहजीकरण गर्दै नेपालको संघीय प्रणालीको बारेमा जानकारी दिएका थिए। संघीय राज्य संरचनाको बारेमा जानकारी दिँदै अधिकृत मरासिनीले तीन तहका सरकारबीचको अन्तरसम्बन्धको बारेमा बताए।

उनले राजनीति तथा कार्यपालिका अन्तरसम्बन्ध, न्यायीक अन्तरसम्बन्ध, वित्तीय अन्तरसम्बन्ध, संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धको बारेमा अभिमुखिकरण गराएका थिए।

योजना संगठन नेतृत्व निर्देशन दिने दायित्व नगर प्रमुख र उपप्रमुखको भएको बताउँदै अरु जिम्मेवारी वडाध्यक्ष र कार्यपालिका सदस्यले पूरा गर्नुपर्ने उनको भनाइ थियो।

नेपाली नागरिकता सिफारिस सम्बन्धी अभिमुखिकरण दिँदै सहायक प्रमुख जिल्ला अधिकारी हरि प्रसाद गैरेले नागरिकता सम्बन्धी किसिम र प्राप्त गर्ने आधर बारे जानकारी दिएका थिए। 'नागरिकता प्राप्त गर्न उपयुक्त छ कि छैन' त्यसको बारेमा राम्रोसँग बुझेर मात्र वडा अध्यक्षले सिफारिस दिनुपर्नेमा जोड दिएका छन्।

यस्तै, कार्यक्रममा मालपोत सम्बन्धी अभिमुखिकरण जिल्ला मालपोत कार्यालय गुल्मीका रामचन्द्र गौतमले प्रशिक्षण गराएका थिए।

नगरपालिकाका बिनोद मरासिनीले स्थानीय तहको योजना दिग्दर्शनको बारेमा जानकारी दिएका थिए। कार्यक्रममा वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुले राखेको जिज्ञासा सम्बन्धित विषयका जानकारहरुले प्रष्ट पारेका थिए।

# गाउँपालिका उपाध्यक्षको राजीनामा माग्दै महिला संघद्वारा पुत्ला दहन



**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे २८ जेठ

दाङको बबई गाउँपालिका उपाध्यक्ष बमकुमारी खड्काको राजीनामा माग गर्दै नेपाल महिला संघले पुत्ला दहन गरेको छ। महिला संघ बबईकी अध्यक्ष प्रेमा कुमारी बुढाथोकी नेतृत्वको टोलीले बबई गाउँपालिका प्राङ्गणमा उपाध्यक्ष खड्को पुत्ला दहन गरेको हो।

नेपाली कांग्रेसबाट चुनाव जितेर कार्यपालिका निर्वाचनमा नेकपा एमालेलाई सहयोग गरेको आरोप लगाउदै महिला संघले उपाध्यक्ष खड्को राजीनामा माग गरेको हो। आगामी दिनमा कसैलाई पनि यस्तो गल्ती दोहोऱ्याउन नदिनका लागि उनलाई तत्काल कारबाही गर्नुपर्ने संघको माग छ।

उपाध्यक्षको राजीनामा माग गर्दै महिला संघले नेपाली कांग्रेस बबईलाई अनुरोध गरेको थियो। तर, पार्टीले चित्तबुझ्दो निर्णय नगरेकाले आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिएको उनको भनाइ छ।

उपाध्यक्ष खड्काले अन्तरघात नगरेको भए तत्काल सम्पर्कमा आउँन र चित्तबुझ्दो जवाफ दिन उनले आग्रह गरेकी छिन्। गाउँपालिका उपाध्यक्ष भागी भागी हिडेको बुढाथोकीले आरोप लगाएकी छिन्।

राजीनामा नआउँदासम्म र पार्टीले उचित कारबाही नगर्दासम्म आन्दोलनका कार्यक्रमलाई निरन्तरता महिला संघले जनाएको छ।

# नेपाली महिला समाज कतारद्वारा रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २८ जेठ

नेपाली महिला समाज कतारले ११ औं स्थापना दिवसको अवसरमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। 'रक्तदान जीवन दान' नाराका साथ हमाद हस्पिटलसँगको सहकार्यमा समाजले दोस्रो पटक रक्तदान कार्यक्रम सम्पन्न गरेको हो। मध्यान्हकर्मी तिलु शर्मा पौडेललबाट गरिएको कार्यक्रममा १ सय ५२ जना उपस्थिति रहेको भएपनि ४६ जनाले मात्र रक्तदान गरेका थिए। रक्तदाताहरूलाई समाजले प्रशंसा पत्रसमेत प्रदान गरेको समाजकी अध्यक्ष सरिता पौडेल भण्डारीले मध्यान्हलाई जानकारी दिइन।

'नेपाली महिला समाजको चाहाना, एकता र सहयोगको विशुद्ध सामाजिक भावना' भन्ने मूल नाराका साथ विक्रम संम्बत २०६९ सालमा स्थापना गरिएको समाजले कतारमा रहेका नेपाली समाज तथा दिदि बहिनीहरुको हक, हितको लागि आवाज उठाउँदै सामाजिक

# रुन्टीगढी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत



**कमल खड्का/मध्यान्ह**
रोल्पा, २८ जेठ

रोल्पाको रुन्टीगढी गाउँपालिकाले आर्थि वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। गाउँपालिकाको सभाहलमा भएको कार्यक्रम २० बुँदे नीति तथा कार्ययोजना प्रस्तुत गरिएको छ।

गाउँपालिकाको नीति तथा कार्यक्रम कृषि, पशुसेवा, पुर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, समावेशी, वन तथा वातावरण, सरसफाई, आन्तरिक आय वृद्धि, राजश्व परिचालन, साना तथा घरेलु उद्योग, मानव संशाधन, सुशासन, मर्यादा पालना तथा न्याय सम्बन्धि, सार्वजनिक तथा साझेदारी, सामाजिक परिचालन, टोल विकास, सूचना तथा संचार विकास, कोष संचालन, समाजिक सुरक्षा, विपद् व्यवस्थापन, श्रम रोजगार तथा सीप विकासमा केन्द्रीत छ।

नीति तथा कार्यक्रम लागू गर्नु अगाडि गाउँपालिकाले सुझाव संकलन गर्ने भएको छ। सुझाबका लागि जेठ ३१ गतेसम्मको समय निर्धारण गरिएको छ। गाउँपालकिाको आधिकारीक इमेल, टेलिफोन लगायतमा सुझाव पठाउन सकिनेपालिकाले जनाएको छ।

गाउँपालिका प्रमुख जनक पुनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष सरिता केसी, वडा अध्यक्षहरु, निवर्तमान वडा अध्यक्षहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति रहेको थियो।

## सम्पादकीय

# प्रकोपबाट बच्न पूर्वकार्यमा जोड

मनसुन शुरू भएसँगै यसको प्रभाव देखिन थालेको छ । बिहीबार राजधानी उपत्यका जलमग्न भएको थियो । ढल फोहोरले भरिएको र कतिपय सडकमा ढलकै व्यवस्था नभएकाले सडक बलले छोपियो । राजधानी उपत्यकाकै कतिपय सडक भलले भरिएकाले सवारी साधन डुबेको दृष्य देखियो । वर्षायाममा राजधानीका सडक जलमग्न हुनु नौलो कुरा होइन । अझ राजधानीका कतिपय बस्ती डुबानमै पर्ने गरेको छ । त्यसबारे एउटा रोचक उक्ति छ– खोल घर पसेको होइन, घर खोलामा पसेका हुन् । यो भनाइमा धेरै हदसम्म सत्यता छ । किनभने राजधानीमा पानी निकासका बाटाहरू लगभग बन्द छन् । खोला किनार मासेर घडेरी बनाइयो, त्यही घडेरीमा घर बन्यो । घरघरै शहर भरिएपछि पानी बस्ने भनेको कि घरभित्रै हो, या सडकतिर ।

राजधानीकै बाढीले सवारी साधन बगाएको र खोज्न प्रहरी परिचालन भएको खबर पनि सुनियो । राजधानी उपत्यकामै बाढी घर बस्नु, सवारी साधन र अन्य भौतिक संरचना बगाउनु सामान्य जस्तै बनेको छ । राजधानी बाहिर त वर्षायाम कहिले सुखद् हुने गरेको छैन । मनसुन शुरू भएसँगै पश्चिम नेपाल जोड्ने मूख्य सडक मार्गहरू अवरूद्ध बन्न पुगेको छ । सडक पहिरोले भत्कने वा पुरिने हुँदा सवारी आवागमन अवरूद्ध हुने गरेको छ । बाढी, पहिरो र डुबानको समस्या वर्षेनि आउने गरेका छन् । बाढी आउनु र त्यसबाट ठूलो क्षति पुग्नुमा मानवीय गतिविधि धेरै हदसम्म कारक हो । प्राकृतिक चक्र रोक्ने गतिविधि मान्छेबाट भएपछि यस्ता प्राकृतिक विपद् हुने हो । राजधानी उपत्यकाको सडक होओस् अथवा बाहिर देखिने प्राकृकित बिपद्बाट पुग्ने क्षतिमा मानवीय गतिविधि कारक हो ।

वर्षा हुनु प्रकृतिको नियमित चक्र हो, अनि त्यसबाट जोगिनु प्राणी गुण हो । तर प्राणीहरूमै श्रेष्ठ भनिने मान्छेले आवश्यक सचेतता नअपनाउँदा मुलुकले वर्षेनि ठूलो क्षति बेहोर्ने गरेको छ । यसपटक पनि मनसुन शुरू भएको छ र त्यसको असर देखिन थालेको छ । यसतर्फ सरकार र सरोकारवाला क्षेत्र सचेत हुन आवश्यक छ । मुख्यगरी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्न जरूरी छ । अतिवृष्टि, अनावृष्टि र खण्डावृष्टिलाई नियमित बनाउन प्राकृतिक सन्तुलन जोगाउन जरूरी छ । अन्धाधुन्ध प्रकृतिको दोहन रोक्न जरूरी छ । प्राकृतिक चक्र नरोकिनेगरी शहरी क्षेत्रमा भौतिक संरचना निर्माण गरिन जरूरी छ । तर त्यो भन्दा पहिले तत्काल उद्धारका लागि राज्य संयन्त्र तैनाथ गर्नु आवश्यक छ ।



मधेश प्रदेशको एक मात्र, महानगरपालिकाको रूपमा पर्सास्थित वीरगञ्ज महानगरपालिका रहेको छ । कूल ३२ वटा वडा रहेको वीरगञ्ज महानगरपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार कूल दुई लाख ६८ हजार २७३ रहेको छ । महानगरको विकास र समृद्धिका लागि भावी योजना र कार्यक्रमका विषयमा नगर प्रमुख **राजेशमान सिंह**सँग मधेस राससका **पुरूषोत्तम सुवेदी**ले कुराकानी गरेका छन् । मेयर सिंहसँग सुवेदीले गरेको कुराकानीको सम्पादित अंश :

# ‘कागजमा होइन, फिल्डमा काम गरेर देखाउछौं’

**राजेशमान सिंह**, नगर प्रमुख, वीरगञ्ज महानगरपालिका

**महानगरको बागडोर सम्हाल्दै गर्दा यहाँको मुख्य-मुख्य योजना र प्राथमिकता के-के छन् ?**

वीरगञ्ज महानगरको हकमा मुख्य योजनाभन्दा पनि यहाँ सबैखाले योजना बनाएर सुरुवाती चरणबाटै काम गर्नुपर्ने भएको छ । मैले महानगरको जिम्मेवारी सम्हाल्दै गर्दा यहाँको सेवा प्रवाह, महानगरले लगाएको ठेक्का, सरसफाइ, फोहोर व्यवस्थापनलगायत सबैजसो क्षेत्र अस्तव्यस्त पाइएकाले सुरुबाटै काम गर्नुपर्ने देखिएको छ । आजको दिनमा तपाइँ वीरगञ्जको जुन क्षेत्रमा हेर्नुहुन्छ त्यतै गर्नुपर्ने काम देख्नुहुन्छ । तर यसो भन्दै गर्दा हामीले गर्नुपर्ने केही विशेष कामहरूको सूची पनि बनाएका छौँ । जुन हाम्रो प्रतिबद्धतापत्रमा पनि देख्न सकिन्छ । हामी बोलेरभन्दा पनि काम गरेर देखाउनेमा विश्वास राख्छौँ । हामी एक महिनाभित्रै जनताले अनुभूत गर्ने गरी केही परिणाममुखी काम गरेर देखाउने छौँ । चौतर्फी विकास मेरो मूल एजेण्डा हो, यस महानगरपालिकाको समृद्धि र विकासका लागि म प्रदेश सरकार, केन्द्रीय सरकार र विदेशी दातृ निकायसँग सहकार्य गरी महानगरपालिकालाई समृद्ध महानगरपालिका बनाउने मुख्य योजना छ ।

**वीरगञ्ज मधेस प्रदेशको मुख्य स्थान मात्र नभई आर्थिक दृष्टिकोणले पनि देशकै एक महत्वपूर्ण स्थान हो, आर्थिक विकासका लागि यहाँको योजना के छ ?**

वीरगञ्ज मधेस प्रदेशको मात्र नभएर मुलुककै आर्थिक विकासमा टेवा दिन सक्ने औद्योगिक क्षेत्र भएको स्थान पनि हो । नेपालको आर्थिक विकासमा वीरगञ्जले हिजोदेखि नै महत्वपूर्ण योगदान दिँदै आएको छ । यसमा निजी क्षेत्रको भूमिका उल्लेखनीय छ । त्यसैले निजी क्षेत्रको संरक्षण र संवर्द्धन गर्नु महानगरपालिको पनि दायित्व हो । यसका लागि प्रदेश र संघीय कानुन नबाझिने गरी र नियमानुसार मिल्ने सहयोग गरेर यस क्षेत्रको आर्थिक विकासमा भूमिका निर्वाह गर्ने महानगरपालिकाको दायित्व हो ।

**वीरगञ्ज महानगरको वर्तमान अवस्थाका बारेमा जनतालाई जानकारी गराउन श्वेतपत्र जारी गर्ने निर्णय गर्नुभएछ । त्यसको आवश्यकता किन देख्नुभयो ?**

काम सुरु गर्नुभन्दा पहिला वीरगञ्ज महानगरपालिकाको वर्तमान अवस्था आम महानगरवासीले थाहा पाउन जरुरी हुन्छ । हालसम्म महानगरपालिकामा फिल्डमा भन्दा कागजमा बढी काम भएका छन् अर्थात् महानगरपालिकाको विकासका लागि भएका अधिकांश काम पारदर्शी छैनन् । श्वेतपत्रमा हालको अवस्था र त्यसको सुधारका लागि श्वेतपत्र जारी गर्ने तयारी गरेका छौं । यसले आगामी दिनमा मेरो नेतृत्वमा भए गरेको कामलाई जनतालाई मूल्यांकन गर्न थप सजिलो हुनेछ ।

**जनताले तपाईंलाई सिधै आफ्नो कुरा राख्न मिल्ने गरी गुनासो व्यवस्थापन (हेल्पलाइन) केन्द्र स्थापनाको काम किन अगाडि बढाउनुभयो ?**

जनतालाई परिणाम देखिने गरी काम गर्ने हामी जनप्रतिनिधिको चाहना हुन्छ । मैले पनि निर्वाचनको समयमा जनतासामु गरेका सबै प्रतिबद्धता पूरा गर्नु छ । जनताको सुझाव सल्लाह नलिई म अघि बढ्न सक्दिनँ । तसर्थ, अनलाइनबाट सिधै महानगरपालिकाका प्रमुख अथवा मसँग जनताले आफ्नो गुनासो सुझाव, सल्लाह दिन मिल्ने गरी अनलाइन प्रविधि व्यवस्थापनको काम अघि बढाइसकेको छ । यसले जनप्रतिनिधि र जनताबीचको सम्बन्धलाई घनिष्ठ तुल्याउने छ ।

**भौतिक पूर्वाधारको क्षेत्रमा यहाँको प्राथमिकताको योजनाहरू के-के छन् ? कसरी अगाडि बढाउने सोच्नुभएको छ ?**

सबैभन्दा पहिलो कुरा, यस महानगरपालिकाभित्र सडक सञ्जाल विस्तार गर्ने र त्यसलाई स्तरीय बनाउनु हो । कूल ३२ वटा वडा रहेको वीरगञ्ज महानगरपालिकाका सबै वडामा अझसम्म सडक सञ्जाल पुग्न सकेको छैन । त्यसैले सबै वडालाई सडक सञ्जालमा जोड्ने मेरो मुख्य लक्ष्य छ । त्यसपछि नाला, कल्भर्ट, पुलपुलेसालगायतका अन्य आवश्यक भौतिक पूर्वाधारण निर्माणको काम अघि बढाइने योजना छ । व्यवस्थित सडक सञ्जालले महानगरपालिकाभित्रका अन्य विकास निर्माणका काम गर्न पनि सहज हुन्छ ।

**जनशक्ति विकासको लागि प्रमुख आधार मानिएको शैक्षिक क्षेत्रको विकासको लागि यहाँको योजनाहरु के छन् ?**

विशेषगरी गुणस्तरीय शिक्षा मेरो पहिलो प्राथमिकता हो । शिक्षामा खेलवाड गर्न पाइँदैन, सामुदायिक विद्यालयमा पनि निजी विद्यालय सरह शैक्षिक गुणस्तर सुधार गर्ने मेरो योजना छ । शिक्षा क्षेत्रमा मूलरूपमा दरबन्दीको पनि समस्या देखिएको छ । त्यसलाई हल गर्नका लागि हामी सबै विद्यालय र शिक्षकको विवरण संकलन गर्छौं । आवश्यकताको आधारमा बढी भएको स्थानबाट दरबन्दी कटौती तथा कम भएको स्थानमा थप गर्ने, यसका साथै शिक्षकहरूलाई तालिम तथा विद्यार्थीलाई नैतिक शिक्षा दिएर विद्यालयमैत्री वातावरणको सिर्जना गर्ने हाम्रो योजना रहेको छ । वातावरण बनाइसकेपछि हामीले वीरगञ्जको शिक्षालाई प्राविधिक शिक्षातर्फ अगाडि बढाउने छौँ । भएका विद्यालयमा पनि प्राविधिक कक्षाहरू सञ्चालन गर्ने र नयाँ पूर्ण प्राविधिक विद्यालय स्थापना गर्ने भनेर हाम्रो प्रतिबद्धतापत्रमा समेत उल्लेख गरेका छौँ । त्यसलाई मूर्तरुप दिने गरेर हाम्रो काम अगाडि बढ्छ । निजी शैक्षिक संस्थाहरूलाई पनि कानुनी दायरामा ल्याएर सहजीकरण गरिने योजना छ ।



**स्वास्थ्य क्षेत्रको सुधारका लागि यहाँको योजना के छ ?**

समग्ररूपमा महानगरपालिकाभित्र स्वास्थ्य क्षेत्रमा देखिएको विकृति र विसंगतीलाई विज्ञहरूको छलफल र परामर्श गरी स्वास्थ्य क्षेत्रको थप सुधार गर्न योजना छ । महानगरपालिका क्षेत्रभित्र रहेको सरकारी वा निजी स्वास्थ्य संस्थालाई पनि आवश्यकताअनुसार नियमन गरिने छ ।

**स्वास्थ्य क्षेत्रको कुरा गर्नुपर्दा वीरगञ्जमा संघीय सरकारअन्तर्गतको नारायणी अस्पताल मात्र देखिन्छ, यो क्षेत्रमा यहाँको योजना के छ ?**

नारायणी अस्पताल संघीय सरकारको मातहतमा भए पनि आखिर वीरगञ्ज महानगरपालिकाभित्रै छ । महानगरवासीले पनि सेवा लिएकै छन् । गुणस्तरीय सेवा र सेवा वृद्धि गर्न महानगरपालिकाले के गर्न सक्छ, नारायणी अस्पतालसँग हातोमालो गर्न तयार छौं । यस अस्पतालबाट स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने गरी काम गर्नेछौं ।

**महानगरपालिका फोहोरमैला व्यवस्थापन पनि ठूलो चुनौतीको रूपमा रहेको छ । यसलाई कसरी समाधान गर्न योजना बनाउनुभएको छ ?**

फोहोर व्यवस्थापन हुन नसकेकै कारण वीरगञ्जमा बढी प्रदूषण पनि देखिएको छ । सबैभन्दा पहिला त २० औं वर्षदेखि सफा हुन नसकेका ठूला नाला सफाइ तथा अन्य नालाहरू पनि सफाइ गर्ने काम हामीले सुरुवात गरी नै सकेका छौँ । दोस्रो महत्वपूर्ण कुरा फोहोर व्यवस्थापनको लागि यहाँका नागरिकले पनि उत्तिकै साथ दिन जरुरी छ । यसको पूर्वाधार विकासका लागि महानगरपालिकाले सहयोग गर्न तयार छ । हामीले सडक धेरै बढार्‍यौं । अब फोहोर व्यवस्थापन गर्न नजानेका अथवा अज्ञानता भएका नागरिकको दिमाग बढार्न जरुरी छ । सोचाइबाट फोहोर बढार्न सकिएको खण्डमा धेरै हदसम्म फोहोर आफैं व्यवस्थापन हुने कुरा हो । विदेशी मुलुकहरूमा हेर्ने हो भने फोहोर व्यवस्थापनमा राज्यले धेरै लगानी गरेको पाइँदैन । व्यवस्थापनमा बढी जोड दिएको पाइन्छ ।

वीरगञ्ज महानगरपालिकाको हकमा फोहोर व्यवस्थापनको नाममा वार्षिक करिब रु नौ करोडभन्दा बढी खर्च गरेको पाइन्छ । तर पनि सुधारको अवस्था छैन । यसअघिको नेतृत्वले पनि फोहोर व्यवस्थापनबारे कुनै प्रभावकारी कदम चालेको पाइएन । त्यसकारण हामीले अहिले जारी गर्ने भनिएको श्वेतपत्रमा पनि यी विषयहरूलाई समेट्ने छौं । त्यसपछि विज्ञहरूको राय लिएर नयाँ शिराबाट फोहोर व्यवस्थापनको काम गरिनेछ ।

> हालसम्म महानगरपालिकामा फिल्डमा भन्दा कागजमा बढी काम भएका छन् अर्थात् महानगरपालिकाको विकासका लागि भएका अधिकांश काम पारदर्शी छैनन् । हालको अवस्था र त्यसको सुधार का लागि श्वेतपत्र जारी गर्ने तयारी गरेका छौं । यसले आगामी दिनमा मेरो नेतृत्वमा भए गरेको कामलाई जनतालाई मूल्यांकन गर्न थप सजिलो हुनेछ ।

**महानगरपालिका देखिएको सेवाप्रवाह ढिलाइसुस्ती र लापरवाहीलाई कसरी व्यवस्थापन गर्ने यहाँको योजना के छ ?**

सबैभन्दा पहिलो कामका प्रकृति क्षमता र क्षमताअनुसार कर्मचारीहरूलाई दक्षता र सीपका आधारमा जिम्मेवारी बाँडफाँट गर्छु । वडासम्म दिन सकिने अधिकारलाई वडासम्म जनताको कामबिना लापरवाही बिना झन्झिटलो बनाउने कोसिस गर्छु । यद्यपि सबै कर्मचारीलाई पनि खराब छन् भनेर म भन्दिन तर पनि केही खराब प्रवत्तिका कर्मचारीलाई एकपटक सुधार गर्ने मौका दिन्छु । सुधार नभए नियमानुसार कारबाही प्रक्रिया अघि बढाउँछु ।

**यहाँ समग्र यो महानगरपालिको प्रमुख भइरहँदा यहाँले यो पदको अवसर र चुनौतीलाई कसरी लिनुभएको छ ?**

अवसरभन्दा चुनौतीको पहाड मेरो अगाडि रहेको छ, त्यसलाई मैले पूरा गर्न सक्छु भनेर नै मैले स्पष्ट सोच र योजना बनाएको छु । पहिले थालनी गरेर पूरा नभएका धैरे योजनाहरू अलपत्र परेका छन् । फिल्ड वा वास्तविक स्थानमा भन्दा कागजमा बढी प्रगति देखाइएको छ, भएका काम पनि गुणस्तरयुक्त छैनन् । यी सबै चुनौतीको सामना गरी आम महानगरवासीको हितका लागि शून्य भ्रष्टाचार महानगरपालिका बनाउने लक्ष्य छ । भ्रष्टाचारले सुशासन हुन दिँदैन । सुशासनबिना विकास सम्भव हुँदैन ।

**अन्यमा, महानगरबासीलाई के भन्न चाहनुहुन्छ ?**

म जनताको महानगरपालिकाको प्रमुख भएर होइन, जनताको सेवक भएर काम गर्न चाहन्छु । सबै जनताबाट म सुझाव, सरसल्लाह र सहयोगको अपेक्षा गर्दछु । सहीलाई सही र गलतलाई गलत भन्न म सबैमा अनुरोध गर्न चाहन्छु । यदि मैले गलत गरेको छु भने राजेशमान तैंले गलत गरिस् भनेर मलाई जनताले भन्नुपर्‍यो, सही काम गरेको छु भने पार्टीभन्दा माथि उठेर मलाई साथ दिन पनि म सबैमा अनुरोध गर्न चाहन्छु । नेतृत्व लिएको एक सय दिनसम्ममा जनतालाई महसुस हुने गरी काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

नगरपालिका पिच्छे ठूला-ठूला सभागृह बनाउने होडबाजी नै चलेको छ । तर यस्ता सभाहल बनिसके पछि यीनको सञ्चालन र प्रभावकारी उपयोगका बारेमा खासै ध्यान पुगेको देखिँदैन । यो अर्को 'भ्यु-टावर' नहोस् है ! डिजाइनको चरणमा नै राम्ररी लेखाजोखा गरौं ।



- विनोद न्यौपाने

बन्चरे डाँडा/सीसडोलको फोहोरको सहमतिले – ग्रास रूट मै पहुँच पुऱ्याउ, आवश्यकता/अत्यावश्यकता भएकै ठाउँमा पुग, नीति, योजना र कार्यान्वयन त्यहिँबाट शुरू गर भन्ने सुझाएको छ । यो पाठ हो, राजनीति र नीति बनाउने ठाउमा बसेकाको लागि !



- प्रेम घर्ती मगर

वर्षौंदेखि देश राजनीतिक दलहरूको चङ्गुलमा कसरी फसिरहेको छ भन्ने कुरा काठमाडौं महानगरमा बालेन शाह उदाएपछि छर्लङ्ग हुँदैछ । पार्टीका नेता, कार्यकर्ता, प्रतिनिधि, पत्रकार मिलेर देशलाई कसरी खोक्रो बनाएका रहेछन् प्रष्ट हुँदैछ । यस्तै अवस्था रह्यो भने अब देशैभर बालेनहरू उदाउनु जरूरी छ ।



- अक्षर काका

काठमाडौंको फोहोरमा कतिसम्म गुण्डागर्दी र दादागिरी छ भन्ने साक्षी वागमती, विष्णुमती, रूद्रमती, इच्छुमती करिडोर क्षेत्र हो । काठमाडौं उपत्यकामा फोहोर संकलन गर्ने ३५ संघसंस्थाले ६ लाख घरधुरीबाट वार्षिक ५ अर्ब रूपैयाँ उठाउँछन् ।



- निर्मल प्रसाइँ

संविधानले दिएको अधिकारभन्दा बाहिर गएर काम गरेको अभियोगमा बोलिभियाकी पूर्व राष्ट्रपति जेनिन अनेजलाई १० वर्ष जेलसजाय दिइएको छ । यता दुई पटक संसद विघटनदेखि ६ महिने मन्त्री पद वितरण र उल्टै यिनकै स्वर ठूलो छ । फरक-फरक संसार ।

# फेरि महामारीको चिन्ता

परीक्षणको लागि संघर्ष, औषधिको लागि संघर्ष, अस्पतालको बेडको लागि संघर्ष, अक्सिजनको लागि संघर्ष, भेन्टिलेटरको लागि संघर्ष । हाम्रो स्वास्थ्य व्यवस्थाबारे महामारीका दुई झट्काले धेरै कुराहरु पर्दाफास गरेको छ । सामान्य अवस्थामा आफ्ना जनतालाई पर्याप्त स्वास्थ्य सुविधा उपलब्ध गराउन नसक्ने समाज महामारीको घडीमा निर्दो देखिने भनी बुझिएको छ ।

विचार



● निलेश सिंह

कोरोना भाइरसबाट संक्रमितको संख्या फेरि भारतभर बढ्न थालेको छ । यो बृद्धि मुम्बई, पुणे, चेन्नई, बेंगलुरु र दिल्ली, सबै महानगर र प्रमुख शहरहरूमा देखिन्छ । यी तथ्यांकहरू यस्तो समयमा आउँदैछन् जब अधिकांश मानिसहरूले महामारी अब विगत भइसक्यो भनी अनुमान गरेका छन् । केही अपवादहरू बाहेक कोही पनि सडक र बजारमा जाँदा मास्क लगाएका छैनन् । सार्वजनिक स्थानमा देखिने व्यवहारबाट हेर्दा धेरैजसोलाई भौतिक दुरी भनेको चराको नाम हो भन्ने पनि थाहा हुन छाडेको छ ।

आम जनताको मात्रै होइन, सरकारको कुरा पनि त्यस्तै हो । नियम र नियमहरू खुकुलो पारिएको छ । सरकारी भवन, रेलवे स्टेशन, एयरपोर्टमा पनि अब कसैले मास्क लगाउँदैनन् । सेनिटाइजरका बोतलहरू या त हराइरहेका छन् वा खाली छन् । शारीरिक चाल गेजहरू सामान्यतयाः थकित हुन्छन् । महामारीको पछिल्लो दुई वर्षले ल्याएको पीडा र पीडा बिर्सन राम्रो हुन सक्छ, तर हामीले सावधानीहरू बिर्सन थालेका छौं ।

बाँकी विश्वमा पनि त्यस्तै भइरहेको देखिन्छ । दुई वर्ष पहिले जब महामारीको प्रारम्भिक समाचार आउन थाल्यो, एउटा नाम चाँडै चर्चामा आयो - डा एन्थोनी फौसी । उनी अमेरिकी राष्ट्रपतिका प्रमुख चिकित्सा सल्लाहकार हुन् र यस हिसाबले उनी विश्वका महान् डाक्टरहरूमा पनि गनिन्छन् । गत हप्ता उनले अमेरिका महामारीबाट बाहिर आएको घोषणा गरेका थिए । उनले यसको धेरै श्रेय खोप अभियानलाई दिए । यो फरक कुरा हो कि यो भनाइको लगत्तै उनको परीक्षण गर्दा उनी आफैंमा कोरोना भाइरसको संक्रमण देखिएको थियो ।

यद्यपि, विश्व स्वास्थ्य संगठनलगायत विश्वका अधिकांश महामारीविद् र वैज्ञानिकहरू महामारीको खतरा सकिएको कुरामा सहमत छैनन् । यो समय हाम्रो माझमा कोरोना भाइरसको स्वरुप त्यति घातक नदेखिएको उनीहरुको विश्वास छ । तर जुनसुकै बेला हाम्रो सामु यस्तो रूप आउन सक्छ, जसले हाम्रो सबै आशालाई हराएर परिस्थितिलाई पूर्णरूपमा बदल्न सक्छ । केही वैज्ञानिकहरू भन्छन् कि हामीलाई यो भाइरसले भविष्यमा कसरी व्यवहार गर्नेछ भन्ने कुरा थाहा छैन, त्यसैले महामारीको बारेमा कुनै भविष्यवाणी गर्न सक्ने स्थिति छैन । अहिलेको अवस्थालाई लिएर ढुक्क हुन सकिँदैन ।

खैर, यी कुराहरूको खासै अर्थ छैन, किनभने सम्पूर्ण मानव इतिहासमा कुनै पनि महामारी सोधेर वा बताई आएको छैन । महामारी जहिले पनि अचानक देखिने गर्छ र हाम्रो तयारी र हाम्रो चिकित्सा ज्ञान परीक्षण गर्दछ । तसर्थ, यो समयमा जब कोभिडको सुस्त चरण चलिरहेको छ, तब हामीले फेरि एक पटक आफैलाई सोध्नु पर्छ जसको जवाफ हामी दुई वर्ष पहिले पनि खोज्दै थियौं ।

जब पहिलो पटक महामारी देखियो तब अखबार र टिभी समाचारहरूमा यस्ता धेरै तथ्यांकहरू थिए, जसमा प्रति हजार जनामा कति डाक्टर हुनुपर्छ र हामीकहाँ कति छन् भनेर भनिएको थियो ? त्यसैगरी अस्पतालमा कति शैया हुनुपर्छ, कति नर्स हुनुपर्छ, कति भेन्टिलेटर हुनुपर्छ, आदि ? यी तथ्यांकहरूमा कुनै नयाँ कुरा थिएन र तिनीहरू पहिले नै सबैका लागि उपलब्ध थिए । तर सम्पूर्ण समाजले यी तथ्यांकहरूलाई गम्भीरतापूर्वक लिने यो पहिलो पटक थियो । यी तथ्यांकहरूले मानिसहरूलाई महामारीको खबरले जति आतंक दिएको थिएन । देशमा थोरै मात्रै स्वास्थ्य संस्था छन्, यसको अनुभव लगभग सबैले पाएका छन्, तर संकटको बेलामा कतिपय चिन्ता बढी छन् ।

त्यसपछिका केही महिना संघर्षमय रह्यो । परीक्षणको लागि संघर्ष, औषधिको लागि संघर्ष, अस्पतालको बेडको लागि संघर्ष, अक्सिजनको लागि संघर्ष, भेन्टिलेटरको लागि संघर्ष । हाम्रो स्वास्थ्य व्यवस्थाबारे महामारीका दुई झट्काले धेरै कुराहरु पर्दाफास गरेको छ । सामान्य अवस्थामा आफ्ना जनतालाई पर्याप्त स्वास्थ्य सुविधा उपलब्ध गराउन नसक्ने समाज महामारीको घडीमा निर्दो देखिने भनी बुझिएको छ ।

यो प्रश्न उठाउनु पनि महत्वपूर्ण छैन कि कोरोना भाइरस नयाँ रूपमा फर्किन्छ कि ? महामारीको मामला भनेको समयमै कुनै पनि खतराको भविष्यवाणी गर्ने वा महसुस गर्ने कुरा होइन, तर यो सधैं पूर्णतया तयारी गर्ने कुरा हो । जनताको ढाडमा कसैको बोझ नराखि स्वास्थ्यका लागि सबै किसिमको व्यवस्था गर्ने कुरा हो । यो हाम्रो सबैभन्दा ठूलो चिन्ता हुनुपर्छ ।

*हिन्दुस्तान टाइम्सबाट अनुवादित*

# गाँजाका झारपातको अद्भूत भूमिमा परिणत हुँदै थाइल्याण्ड



**काठमाडौं/एजेन्सी-** थाइल्याण्ड गाँजालाई वैधानिक मान्यता दिने एशियको पहिलो देश भएको छ । थाइ सरकारले गाँजाखेती गर्न र त्यसलाई आफ्नो स्वामित्वमा राख्न पाउने कानुनी प्रबन्ध गरे पनि धुमपानका रुपमा गाँजाको सेवनलाई निरुत्साहित गरेको छ ।

चिलिममा गाँजा सेवन गर्ने अम्मली पुरानो पुस्ताका निम्ति सरकारी घोषणा सपना झैं भएको छ । बिहीबारदेखि गाँजा खेतीले वैधानिक मान्यता पाएपछि गाँजाको धुवाँमा रमाउने बुढो पुस्ताले विविधतायुक्त थाई 'स्टिक'लाई सम्झेका छन् ।

देशका जनस्वास्थ्य मन्त्रीको दश लाख गाँजाका विरुवा वितरण गर्ने योजनाले शुक्रबारदेखि थाइल्यान्डलाई झारपातको अद्भूत भूमिमा परिणत भएको ठानिएको छ । खाद्य तथा औषधि प्रशासन विभागले सबै विरुवालाई लागूऔषधको श्रेणीबाट हटाउन गरेको निर्णयले थाइल्यान्डलाई चिकित्सा र औद्योगिक प्रयोगको लागि गाँजालाई वैधानिक बनाउने एसियाको पहिलो राष्ट्र बनाएको छ तर उसले उरुग्वे र क्यानडाको पदचाप पछ्याएको छैन । उरुग्वे र क्यानडा त्यस्ता देश हुन् जसले मनोरञ्जनका रूपमा गाँजा सेवलाई राष्ट्रिय वैधानिकता दिएका छन् ।

गाँजामाथिको प्रतिबन्ध हटेपछि अब थाई नागरिकले निर्वाध गाँजाखती गर्न र त्यसको सेवन गर्न सक्छन् । उनीहरूलाई प्रहरी प्रशासनले कारबाही गर्नेछैन । तर त्यसो गर्नुअघि उनीहरूले दर्ता गर्नुपर्नेछ र गाँजाखेती औषधीय उद्देश्यका निम्ति भएको घोषणा गर्नुपर्नेछ ।

केही थाई कानुन व्यवसायीहरूले बिहीबार एउटा क्याफेमा गाँजा किनेर उत्सव मनाए । बुधबारसम्म उनीहरूका निम्ति त्यो वर्जित थियो । खुलेआम खरिद-बिक्रीको कल्पना पनि गर्न सकिन्नथ्यो । दर्जनौंको संख्यामा ब्याङकको हाइल्याण्ड क्याफेमा एकत्रित भएका उनीहरू उखु, बबलगम, पर्पल अफगानी र युएफओ नामका विभिन्न प्रकारका कोपिलाबाट बनेका 'माल' चयन गर्न पाएर दङदास थिए ।

'म चिच्च्याएर भन्न सक्छु, म एक गँजेडी हुँ । गाँजालाई अवैध लागूऔषधको रूपमा चर्चा गरिँदा मैले त्यसलाई विगतमा गोप्य राख्नु परेको थियो,' हाइल्याण्ड क्याफेका पहिलो २४ वर्षीय ग्राहक रित्तिपोङ बाचकुलले लुकीलुकी गाँजा सेवन गरेको सुनाउँदै भने ।

'जहाँसम्म सरकारको सवाल छ, चिकित्सा प्रयोगलाई बढावा दिनु उनीहरूको काम हो । अनि यो एकदम स्पष्ट छ कि हामी धेरै टाढा आएर अन्ततः यसको प्रयोगलाई वैधानिकता दिएका छौं ।' सरकारले गाँजाका फाइदा र बेफाइदा राम्ररी बुझेको बताउँदै क्याफेका सहसञ्चालक एवम् लामो समयदेखि गाँजालाई वैधानिक बनाउने अभियानका कार्यकर्ता रत्तापोन सानराक भन्छन् ।

थाइल्याण्ड विविधतायुक्त गाँजा पाइने देशका रूपमा परिचित छ । 'थाई स्टिक'ले चिनिने कडा गाँजाका फूलहरू सुकाइन्छ र लट्ठीहरूमा बाँधिन्छ । हाल विदेशमा हुर्किरहेका धेरै प्रजातिहरूको उत्पत्तिस्थल थाइल्याण्ड हो ।

गाँजाको धुँवामा लट्ठिएर मस्तराम हुने चाहनेहरूलाई भने थाइल्याण्डको सरकारले चेतावनी दिएको छ । सार्वजनिकरूपमा गाँजा सेवनलाई अझै पनि अपराध मानिएको छ । कानुन उल्लंघन गरेमा तीन महिना कारबासको सजायसहित २५ हजार भाट जरिवाना तिर्नुपर्नेछ । गाँजाबाट तेल निकाल्न मनाही गरिएको छ भने ०.२ प्रतिशतभन्दा बढी टेट्राहाइड्रोक्यानाबायोनिलको मात्रा भएमा त्यो दण्डनीय हुनेछ ।

चियाङ माई विश्वविद्यालयका विरुवा र माटो विज्ञान विभागका प्राध्यापक सरना सोम्मनो गाँजासम्बन्धी नयाँ कानून पारित भएपछि र नियमहरू स्पष्ट नभएसम्म पर्यटकहरूले सावधानीपूर्वक अगाडि बढ्नुपर्नेमा जोड दिन्छिन् । 'यहाँ अझै जोखिमहरू छन्, गाँजालाई अब लागूऔषध मानिदैन तर यसको प्रयोगलाई नियन्त्रित गर्ने कुनै मन्त्रालयले नियम निकालेको छैन । यसको प्रयोगको सीमाबारे केही उल्लेख गरिएको छैन,' नयाँ प्रावधानबारे स्पष्ट योजना र तिनको व्याख्या नगरी मतदातालाई खुसी पार्न आफ्नो नीति हतारमा परिवर्तन गरिएको टिप्पणी गर्दै उनले भनिन् ।

विशेषगरी थाइल्याण्डले औषधीय उपयोगका निम्ति गाँजालाई बजारमा ल्याउन चाहेको छ । आफूसँग पहिलेदेखि नै राम्रोसँग विकसित 'मेडिकल' पर्यटन उद्योग छ भने देशको माटो र जलवायु गाँजाखेतीका निम्ति पनि उत्तिकै उपयुक्त छ । 'हामीले गाँजाको प्रयोगबारे जान्नैपर्छ, गाँजा सुन जस्तै मूल्यवान वस्तु हो, यसको प्रचार गर्नुपर्छ,' गाँजाको प्रवर्द्धनमा लागेका जनस्वास्थ्य मन्त्री अनुटिन चार्नविराकुलले आफूहरूमा सही चेतना हुनुपर्नेमा जोड दिँदै भनेका छन् ।

थाई सरकारले गरेको नीतिगत नयाँ निर्णयबाट पुरोना कानुनअन्तर्गत लागूऔषध मुद्दामा पक्राउ परेकाहरू तत्काल लाभान्वित हुनेछन् । अन्तर्राष्ट्रिय औषधि नीति कन्सोर्टियमका एशिया क्षेत्रीय निर्देशक ग्लोरिया लाइले गाँजासम्बन्धी नयाँ कानुनले सकारात्मक परिणाम ल्याएको बताउँदै अब पुरानो कानुनअन्तर्गत अपराधी ठहरिएका चार हजार जनालाई काराकारमुक्त गरिने जनाएकी छन् ।

गाँजासम्बन्धी अपराधको आरोप लागेकाहरूबाट जफत गरिएको पैसा र गाँजा तिनीहरूका मालिकहरूलाई फिर्ता गरिने मानव अधिकार, स्वास्थ्य र विकासलाई समावेश तथा औषधि नीतिहरूको वकालत गर्ने विश्वव्यापी नागरिक समूहहरूको सञ्जालकी क्षेत्रीय निर्देशक उनले बताइन् ।

गाँजा र गाँजाखेतीसम्बन्धी नयाँ व्यवस्थाले थाइल्याण्डको आर्थिक विकाससँगै राष्ट्रिय आम्दानीदेखि साना किसानहरूको जीविकोपार्जनमा बढाउने अनुमान गरिएको छ तर त्यसबाट प्राप्त हुने लाभ समान रूपमा बाँडफाँट हुन्छ कि हुँदैन भन्ने चिन्ता पनि थपिएको छ ।


ठूला कम्पनीहरूले उत्पादनको अनुमति प्रमाणपत्रलगायत प्रक्रियागत कामका साथै व्यावसायिक प्रयोगका लागि चर्को शुल्क समावेश गर्ने प्रस्तावित नियमहरूबाट अनुचित रूपमा फाइदा लिन सक्ने चिन्ता पनि बढाएको छ जसले साना उत्पादकहरूलाई नराम्ररी पिरोल्न सक्नेछ ।

विपक्षी मूभ फर्वार्ड पार्टीका सांसद ताओपिपप लिम्जित्रकोर्नले केही प्रस्तावित नियमअन्तर्गत, गाँजा-सम्बन्धित उद्योगलाई केही ठूला कम्पनीहरूले नियन्त्रण गर्न सक्ने बताए । मादक पेय पदार्थ उत्पादक कम्पनीहरूले सानालाई दबाएको सन्दर्भ सुनाउँदै आफ्नो पार्टीले आउनसक्ने समस्या समाधानका लागि कानुन बनाउन चाहेको बताए ।

साना उद्यमी-व्यवसायी गाँजा व्यवसाय गर्न उत्सुक छन् । पूर्वी थाइल्याण्डको श्रीराचा जिल्लास्थित गोल्डेनलिफ हेम्प फार्मका मालिक इतिसुग हान्जिचन हालैको आइतबारको अति गर्मी दिनमा ४० जना उद्यमी, किसान र सेवानिवृत्तहरूलाई गाँजाखेतीसम्बन्धी आफ्नो पाँचौं चरणको प्रशिक्षणमा व्यस्त थिए । गाँजाखेती गर्न उत्सुक उनीहरूले खेतीका निम्ति आवश्यक ज्ञान हासिल गरी गुणस्तरीय उपज प्राप्तिका निमित जनही एकसय ५० अमेरिकी डलर शुल्क तिरेका थिए ।

प्रशिक्षणमा सहभागीमध्येका एक चनाडेच सोनबून पनि थिए जसले गोप्य रूपमा गाँजाको विरुवा उब्जाउन खोज्दा आफ्ना आमाबाबुबाट गाली खानुपरेको थियो । अठार वर्षीय उनका बाबुआमाको मन अहिले परिवर्तन भएको छ ।

# पाकिस्तानले ल्यायो ९० खर्ब ५० अर्बको बजेट



**काठमाडौं/एजेन्सी-** पाकिस्तानले आगामी आर्थिक वर्षका निम्ति ९० खर्ब ५० अर्ब पाकिस्तानी रुपैयाँको बजेट सार्वजनिक गरेको छ । वित्तीय चुनौती बढेको वर्तमान अवस्थामा सन्तुलित एवम् जनता केन्द्रित बजेट ल्याइएको अधिकारीहरूले बताएका छन् । संघीय अर्थमन्त्री मिफ्ता इस्माइलले संसद्को तल्लो सदनमा बजेट प्रस्तुत गर्दै त्यसले देशको दिगो आर्थिक विकासलाई केन्द्रमा राखेको र आगामी वर्ष पाँच प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको बताए ।

कुल नब्बे खर्ब ५० अर्बमध्ये कर्जा प्रवाहका लागि रू तीन अर्ब ९५ करोड र आठ खर्ब सार्वजनिक क्षेत्र विकास कार्यक्रमका निम्ति विनियोजन गरिएको जानकारी दिँदै अर्थमन्त्री इस्माइलले रक्षा खर्चका लागि रू १ दशमलब ५२३ खर्ब छुट्याइएको बताए । बजेटमा गरिब जनताको हितमा लक्षियत अनुदानका लागि रू छ खर्ब ९९ अर्ब र विपन्न वर्गको उत्थानका लागि सञ्चालन गरिने अन्य कार्यक्रमका निम्ति रू एक अर्ब ४२ करोड अनुदान प्रस्ताव गरिएको छ । त्यसैगरी बजेटमा सङ्घीय राजस्व रू सात खर्ब र गैर राजस्व रू दुई खर्ब हुने अनुमान गरिएको छ । बजेटलाई सन्तुलित, प्रगतिशील एवम् जनहितकारीको संज्ञा दिँदै प्रधानमन्त्री शहबाज शरिफले आर्थिक जोखिमका प्रभाव घटाउन र जनताका समस्या कम गर्न आफ्नो सरकारले कठोर निर्णय लिँदै चुनौतीहरूबाट बाहिर निस्कने बताएका छन् ।

## अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड परीक्षण प्रावधान हटायो

**काठमाडौं/एजेन्सी-** संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड-१९ को अनिवार्य परीक्षण गर्नुपर्ने प्रावधान हटाएको छ । बाइडेन प्रशासनले अन्तर्राष्ट्रिय उडानमा जानु एक दिनभित्र यात्रीहरूले कोभिड-१९ संक्रमण नभएको चिकित्सकीय परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्ने प्रावधानलाई आगामी आइतबारदेखि हटाएको हो ।

रोग रोकथाम तथा नियन्त्रण निकायहरूले संक्रमणको निरन्तर अनुगमन गर्ने जनाउँदै अन्तर्राष्ट्रिय यात्राका बेला पेस गर्नुपर्ने 'कोभिड-१९ नेगेटिभ रिपोर्ट' को अनिवार्य प्रावधानलाई आइतबार सखारैदेखि खारेज गरिएको बताएका हुन् । परिस्थिति परिवर्तन भएमा परीक्षणको आवश्यकता पुनः समीक्षा गरिने पनि उनीहरूले बताएका छन् । कोभिड-१९ विरुद्धको लडाइँमा भएको प्रगतिका कारण प्रतिबन्ध हटाइएको स्वास्थ्य मन्त्री जेभियर बेसेराले बताए । यद्यपि यात्रीहरूले कोभिडविरुद्धको खोप लगाएको प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

विमान कम्पनी तथा पर्यटन उद्योगहरूले परीक्षणको प्रावधान हटाउन अमेरिकी प्रशासनलाई महिनौंदेखि दबाब दिइरहेका थिए भने यात्रीहरू पनि अन्तर्राष्ट्रिय यात्रा गर्न निरुत्साहित भएका थिए ।

युएस ट्राभल एसोसिएसनका अध्यक्ष रोजर डाउले परीक्षणको प्रावधान हटाउनुलाई आन्तरिक एवम् अन्तर्राष्ट्रिय यात्राका निम्ति ठूलो कदम भएको प्रतिक्रिया दिएका छन् ।


## षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दिंङ्ला, भोजपुर
प्रदेश नं.१, नेपाल

**षडानन्द नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



**जापानमा रोजगार** GLOBAL LEAF COOPERATIVE, JAPAN
पुर्व स्विकृति मिति: २०७९।२।२७ चलानी नं. ६०१८०७८२ LT No. 264360

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 2 | 0 | सम्बन्धित कामका दक्ष | 180000 | क.नी. अनुसार | ८ घण्टा | ५ दिन | क.नी. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा लाग्ने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | प्रवर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने क.नि. अनुसार | नि:शुल्क | नि:शुल्क | रू. ५०,००० |

**अन्तरवार्ता: मिति २०७९ असार ५ गते (19 June 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर: १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निम्ति सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्कपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफै कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र **२) प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र **३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान छनौट तरिका:** सूचना प्रकाशित भएको मितिले १५ दिन पछि हुनेछ।
**वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।**
श्रम इजाजत नं.: ३०५/०५९/६० **उम्मेदवार कडा शारिरिक परिश्रम गर्न सक्ने र जापानिज भाषा जानेको हुनुपर्नेछ।**
**हिमालयन जब एक्स्प्लोरर प्रा. लि.**
पाटन ढोका, ललितपुर, फोन नं: 01-5520080, 5520081 email: info@himalayanjob.com.np



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : SAO MEALS COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०२/२७ चलानी नं.: ६०१८०७९१ LT. No.: 264681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 4 | 0 | स. काममा दक्ष | 1500 | ४९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ५ गते (19 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. १५६/०५६/०५७
गोंगबु-५, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३



**साउदीमा वैदेशिक रोजगारको अवसर**
कम्पनी: AL ISMAIL PLASTIC FACTORY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०२/२० चलानी नं.: ६०१८०५२४ LT. No.: 264274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factor Worker | 2 | 0 | | 1000 | ३३,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ५ गते (19 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आकर्षण इण्टरनेशनल प्रा. लि.** ( श्रम इजाजत नं.: ६०९/०६२/६३ )
शम्भु मार्ग, आकर्षण भवन (एयरपोर्ट नजिक), काठमाडौं, नेपाल
फोन नं.: ०१-४४९८७०१ (Hunting Line)
Email : admin@aakarshannepal.org, web site: www.aakarshannepal.org



**साउदीमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : ALI MUHAMMAD AL- MUNIF & BROTHERS CO. FOR GOODS TRANSPORT शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०७९/०२/२७ चलानी नं.: ६०१८०८३४ LT. No.: 264749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 20 | 0 | स. काममा दक्ष | 1800 | ५९,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ५ गते (19 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.** श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ०१-४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

# बक्स अफिस समाचार

## ‘मैले संगीतलाई नै जीवन ठानेको छु’



शंकर थापा “स्माइल”, संगीतकार

**प**छिल्लो समयका चर्चित संगीतकार हुन्, शंकर थापा ‘स्माइल’ । एकपछि अर्को उत्कृष्ट संगीत दिएका शंकर रेडियो नेपालको वर्गीकरण अनुसार ए ग्रेडका संगीतकार हुन् । राष्ट्रिय स्तरका विभिन्न अवार्ड तथा सम्मानबाट सम्मानित शंकर शास्त्रीय संगीतका विद्यार्थी पनि हुन् । सयौं गीतसंगीतका सर्जक शंकरको एकल संगीतमा ६ वटा म्युजिकल एल्बम पनि बजारमा आइसकेका छन् । उनी यतिबेला ७ औं एल्बमको तयारीमा छन् । गीतसंगीतका बादशाह मानिने शंकरले मध्यान्न दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**सांगीतिक क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?**

म शास्त्रीय संगीतको विद्यार्थी हुँ । २०६० देखि २०६५ सालसम्म शास्त्रीय संगीतको औपचारिक अध्ययन गरें । सानैदेखि संगीतप्रतिको लगावका कारण मैले संगीतको औपचारिक अध्ययन गरेको हुँ । संगीत नै अध्ययन गरेका कारण स्वभाविकरुपमा मेरो रोजाई सांगीतिक क्षेत्र नै हुने भयो ।

**आजको दिनमा तपाईं निकै सफल संगीतकारका रुपमा चिनिनुहुन्छ । उच्च पारिश्रमिक लिएर मात्र काम गर्नुहुन्छ । तपाईंका कयौं गीतहरुले डिजिटल प्लेटफर्ममा करोडौं भ्युज पनि पाएका छन् । यो सफलताको पछाडि संघर्ष कस्तो छ ?**

संघर्ष त हरेक काममा हुन्छ होइन र ? संघर्षले नै त हो हरेक साधकलाई निखार्ने अनि उसका सिर्जनालाई सिँगार्ने । मैले पनि यस क्षेत्रमा निकै संघर्ष गरेको छु । तर, ति हरेक संघर्षलाई शिक्षाका रुपमा लिँदै आफुलाई थप सशक्त बनाउँदै अघि बढें । मैले संगीतलाई नै जीवन ठानेको छु । यसैले हरेक संघर्षलाई जीवनमा आउने आरोह अवरोहकै रुपमा लिएँ । आज फर्केर हेर्दा यस्तो लाग्छ कि मैले कहिल्यै हरेश खाइनँ, समस्यादेखि भागिनँ, हरेक चुनौतीको सामना गर्दै अघि बढें । सायद हिजोको संघर्षले निखारिएर होला मेरो सिर्जनालाई तपाईंले भनेको जस्तै दर्शकहरुले मन पराउनु भएको, माया दिनु भएको । जहाँसम्म पारिश्रमिकको कुरा छ मैले मेरो कर्म अनुसारकै पारिश्रमिक लिने हो ।

**पछिल्लो समय लगातारुपमा तपाईंका गीतहरु सार्वजनिक भइरहेका छन् । ति गीतहरु सफल पनि छन् । तर म्युजिक एल्बम त ग्याब भयो नि ?**

पछिल्लो समय म्युजिक एल्बम सार्वजनिक गर्ने चलन लगभग हराएको जस्तै छ । अचेल सिंगल ट्र्याक नै सार्वजनिक गर्ने प्रचलन बढ्दो छ । जसका कारण मेरा धेरै सिर्जनाहरु सिंगल ट्र्याककै रुपमा सार्वजनिक भइरहेका छन् । यद्यपि एल्बमको तयारी नगरेको होइन । यतिबेला म नेपाल आइडल सिजन ३ की विजेता गायिका सज्जा चौलागाईंसँगको सहकार्यमा एल्बम ‘ भिक्टोरी’ सार्वजनिक गर्ने अन्तिम तयारीमा छु । मेरो एकल संगीत र सज्जाको एकल स्वर रहने एल्बम आगामी महिना साइराम पिक्चर्स प्रा.लि.ले बजारमा ल्याउने छ । यसका साथै म अर्को एल्बमको पनि तयारीमा छु । केही महिनामा नै म अर्को एल्बम पनि सार्वजनिक गर्दैछु ।

**अचेल गीत संगीतमा अडियो मात्र नभएर भिडियो पनि अनिवार्य जस्तै बनेको छ । यो ट्रेन्डलाई कसरी लिनुभएको छ ?**

शुरुमा नेपालमा श्रव्यका माध्यमहरु मात्र थिए । रेडियो नेपालको स्थापनासँगै गीत रेकर्ड गर्ने प्रचलन नेपालमा मौलायो । केही वर्ष अघिसम्म संगीत उत्पादक कम्पनीहरुले पनि अडियो क्यासेट र सिडीहरु नै बजारमा बिक्री गर्ने गर्थे । जब नेपालमा दृष्यका माध्यमहरु पनि थपिए तब भिडियोको आवश्यकता हुँदै गयो । जसका कारण शुरुका केही वर्ष टेलिभिजनहरु आफैंले गीतको भिडियो बनाउने गर्थें । तर, सर्जकहरुलाई आफैंले थप उत्कृष्ट भिडियो निर्माण गर्न सकिन्छ भन्ने लागेपछि विभिन्न कम्पनीमार्फत म्युजिक भिडियो बन्न थाले । पछिल्लो समय त डिजिटल प्रविधिको विकाससँगै श्रव्य र दृष्यका माध्यमहरु निकै फष्टाए । अनि हामीलाई पनि आफ्ना स्रोतालाई थप मनोरञ्जन दिनुपर्छ भन्ने लाग्यो, त्यसैले अचेल म्युजिक भिडियोको ट्रेन्ड छ । म यो सबै प्रक्रियालाई समयको मागका रुपमा लिन्छु ।

**तपाईं सांगीत क्षेत्रमा सफल भइसकेपछि अझ भनौं राष्ट्रियस्तरका विभिन्न अवार्डमा उत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गरेपछि मात्र रेडियो नेपालले आयोजना गरेको राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगितमा सहभागी भई प्रथम हुनुभयो । उक्त प्रतियोगितामा भाग लिने सोच कसरी आयो ?**

हो, तपाईंले भने जस्तै मेरा गीतसंगीत सफल भइसकेपछि मात्र मैले राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगितमा सहभागिता जनाएको हुँ । तपाईं हामी सबैलाई थाहा छ रेडियो नेपाल सरकारी प्रशारणको एक मात्र रेडियो हो । नेपाली गीतसंगीतको विकासका लागि रेडियो नेपालको योगदान अहम् छ । शुरुका थुप्रै वर्ष रेडियो नेपालमा मात्र गीत रेकर्ड गर्ने सुविधा थियो । रेडियो नेपालले नै गीतसंगीतको प्रवर्द्धन गर्थ्यो । रेडियो नेपाल, नेपाल सरकारअर्न्तगत सञ्चालित भएकोले पनि यसले आयोजना गर्ने प्रतियोगितालाई सांगीतिक क्षेत्रकै सबैभन्दा ठुलो प्रतियोगिता मान्ने गरिन्छ । यो प्रतियोगिता जित्नुलाई संगीतकर्मीहरु ठुलो उपलब्धी मान्ने गर्छन् । स्रोता दर्शकको मायाले गीतसंगीतमा सफल भइरहँदा अनि विभिन्न राष्ट्रियस्तरका अवार्ड पाइरहँदा मलाई पनि यो प्रतियोगितामा सहभागिता जनाउनुपर्छ भन्ने भयो । कर्मको फल म प्रतियोगितामा उत्कृष्ट संगीतकार हुन सफल भएँ ।

**अब केही समग्र संगीत क्षेत्रको कुरा गरौं । तपाईंले संगीत क्षेत्रको वर्तमान अवस्थालाई कसरी लिनुभएको छ ?**

पछिल्लो समय सांगीतिक क्षेत्र थप फराकिलो हुँदै गएको छ । म्युजिकल प्लेटफर्महरु पनि बढ्दै गइरहेका छन् । रोयल्टी व्यवस्थापन पनि हुँदै छ । डिजिटल प्लेटफर्महरुबाट पनि राम्रो आम्दानी हुन थालेको छ । जसका कारण स्रष्टालाई गीतसंगीतमै आश्रित भएर स्ट्यान्डर्ड लाइफ जीउने वातावरण तयार भइरहेको छ । समयको माग अनुसार उत्कृष्ट सिर्जना पस्कन सक्नेहरुका लागि यो क्षेत्रमा निकै सुखद भविष्य देख्छु म ।

**रोयल्टी व्यवस्थापनको कुरा गर्नुभयो, रोयल्टी वितरणको शैलीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

रोयल्टी व्यवस्थापनको मापदण्ड पारदर्शी नहुँदा म मात्र होइन धेरै स्रष्टाहरु सन्तुष्ट हुनुहुन्न । कसको गीतसंगीत कतिपटक कहाँ बज्यो त्यसको पारदर्शी रेकर्ड राखेर सोही अनुरुप रोयल्टी व्यवस्थापन हुनुपर्ने हो । रोयल्टी तिर्नेले पनि आफुले प्रयोग गरेको गीतसंगीतको मात्र रोयल्टी तिर्ने हो, अनि पाउनेले पनि आफ्ना गीतसंगीतको सार्वजनिक प्रयोगका आधारमा रोयल्टी पाउने हो । तर, यहाँ त्यस्तो कुनै मापदण्ड बनाइएको छैन । यहाँ कसका गीतसंगीत कतिपटक प्रयोग भए भन्ने डाटामा आधारित भएर रोयल्टी वितरण गरिएको छैन । जुन कुरामा मेरो असन्तुष्टि हो ।

**तपाईंका कयौं गीतसंगीत हिट छन् । रेडियो टेलिभिजनमा मात्र होइन मेलामहोत्सव र पार्टीहरुमा पनि तपाईंका गीतहरु**

> संघर्ष त हरेक काममा हुन्छ होइन र ? संघर्षले नै त हो हरेक साधकलाई निखार्ने अनि उसका सिर्जनालाई सिँगार्ने । मैले पनि यस क्षेत्रमा निकै संघर्ष गरेको छु । तर, ति हरेक संघर्षलाई शिक्षाका रुपमा लिँदै आफुलाई थप सशक्त बनाउँदै अघि बढें । मैले संगीतलाई नै जीवन ठानेको छु । यसैले हरेक संघर्षलाई जीवनमा आउने आरोह अवरोहकै रुपमा लिएँ ।



**घन्किएका हुन्छन् । कतै तपाईंको आश गीतसंगीतको सार्वजनिक प्रयोगका आधारमा रोयल्टी वितरण गरे आफुले बढी पाउँथे भन्ने पो हो कि ?**

रोयल्टी वितरणको अन्तर्राष्ट्रिय मापदण्ड नै त्यही होइन र । तपाईंले भनेको जस्तै मेरा गीतसंगीतलाई स्रोताहरुले अत्यन्त मन पराइरहनुभएको छ । यसको अर्थ मेरो गीतसंगीत सार्वजनिकरुपमा निकै प्रयोग पनि भइरहेका छन् । यदि अन्तर ाष्ट्रिय मापदण्ड अनुसार रोयल्टी वितरण गर्ने हो भने त अवश्य पनि मैले अहिले बुझ्केको भन्दा निकै गुणा बढी रोयल्टी पाउँछु ।

**अन्त्यमा, तपाईंको विचारमा मानव जीवनमा संगीतको महत्व ?**

संगीत सबैको जीवनमा महत्वपूर्ण छ । जीवनलाई खुशी राख्न र हाम्रो मस्तिष्कलाई राहत प्रदान गर्न संगीत आवश्यक छ । यो मनोरञ्जनको एउटा ठुलो स्रोत पनि हो । पुराना यादहरुलाई पनि ताजा गर्न, अशान्त मनलाई शान्त तुल्याउन, सकारात्मक सोच, आत्मियताका साथै सम्बन्ध जोड्न पनि यसको ठूलो महत्व छ । संगीत कयौं चिकित्सा उपचारको पनि हिस्सा हुने गरेको पाइन्छ । साथै एउटा असल मित्र पनि हो । यसर्थ मानव जीवनमा यसको महत्वपूर्ण भूमिका छ ।


## अक्षयको ‘सम्राट पृथ्वीराज’ फ्लप



**काठमाडौं/एजेन्सी–** अभिनेता अक्षयकुमार र ‘मिस वर्ल्ड’ मानुषी छिल्लर अभिनित फिल्म ‘सम्राट पृथ्वीराज’ गत शुक्रबार रिलिज भएको हो । फिल्मले बक्स अफिसमा राम्रो व्यवसाय गर्न भने सकेन । रिपोर्टका अनुसार फिल्म बक्स अफिसको हिसाबले यो वर्षको फ्लप सावित हुनसक्छ ।

फिल्मको प्रचार भने ब्यापक गरिएको थियो । फिल्म हेरेपछि उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, गृहमन्त्री अमित शाह र संघ प्रमुख मोहन भागवतले सकारात्मक प्रतिक्रिया दिएका थिए । उत्तर प्रदेशमा फिल्मको करमुक्त गरिएको थियो । फिल्मले रिलिज अगाडि चर्चा ब्यापक पाएको थियो । तर व्यवसायिक छलाङ मार्न सकेन । यशराज फिल्मस्को ब्यानरमा बनेको यो फिल्म विभिन्न कारणले विवादमा परेको थियो । फिल्म असफल हुनुमा केही कारण रहेका छन् । तीमध्ये केही कारण करणी सेनाको माग पूरा गर्दै फिल्म पृथ्वीराजको अगाडि सम्राटलाई उभ्याउन र गुटखाको विज्ञापनमा अक्षय कुमार देखिनु हो ।

फिल्ममा अक्षय कुमारले सम्राट पृथ्वीराजको भूमिका निर्वाह गरेका थिए । फिल्म रिलिज हुनुअघि नै गुटखाको विज्ञापन गरेको भन्दै सामाजिक सञ्जालमा अक्षयको आलोचना भएको थियो ।






## ‘पानीफोटो’को फर्स्ट लुक सार्वजनिक

काठमाडौं/मस- अभिनेता खगेन्द्र लामिछानेको डेब्यू निर्देशन रहेको फिल्म ‘पानीफोटो’को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । सार्वजनिक पोस्टरमा खगेन्द्रका साथै अनुप बराल, मेनुका प्रधान र मलिका महतलाई स्थान दिइएको छ ।

खगेन्द्रले आफूले नै लेखेको नाटकलाई फिल्म बनाएका हुन् । यो दशकअगाडि गुरुकुलमा मञ्चन भएको चर्चित नाटक ‘पानीफोटो’मै आधारित फिल्म हो । ‘पानीफोटो’ले माओवादी ‘जनयुद्ध’को समयमा बेपत्ता भएका छोराको पर्खाइमा बसेका बाआमाको कथा भन्दछ ।

खगेन्द्रकै लेखन रहेको फिल्मलाई रोजिना सिटौला र रविन्द्र बज्राचार्यले संयुक्त रुपमा निर्माण गरेका हुन् । ‘ पशुपति प्रसाद’ र ‘धनपति’ जस्ता फिल्म निर्माण गरेको टुकी आर्ट्सले यस फिल्म निर्माणमा मन्जुश्री फिल्म्ससँग सहकार्य गरेको छ । फिल्ममा खगेन्द्र, अनुप, मेनुका र मलिकाका साथै प्रकाश घिमिरे, माओत्से गुरुङ्ग, बुद्धि तामाङ्ग, रमेश अधिकारी, कमलमणी नेपाल, अनुज पाण्डे, राधा श्रेष्ठ, श्याम कुमार खड्का लगायतका कलाकारहरूको अभिनय छ । दीपक बज्राचार्यको छायांकन रहेको यो फिल्म साउन १३ गतेदेखि प्रदर्शन हुनेछ ।



दलवीर भण्डारी
म्यानेजिङ डाइरेक्टर, एडभान्स म्यानेजमेन्ट ग्रुप

# ‘नेपालीलाई वैदेशिक रोजगार रहर होइन, बाध्यता हो’

राजधानीको सामाखुसी टाउनप्लानिङस्थित एड्भान्स म्यानेज्मेन्ट ग्रुपका म्यानेजिङ डाइरेक्टर **दलवीर भण्डारी** छोटो समयमा वैदेशिक रोजगारको क्षेत्रमा लोभलाग्दो प्रगति हासिल गर्ने एकजना युवा व्यवसायी हुन् । गण्डकी प्रदेश बागलुङ जिल्लाको पश्चिमी भेगमा सामान्य मध्यमवर्गीय किसान परिवारमा जन्मे हुर्केका भण्डारीका लागि वैदेशिक रोजगार व्यवसाय नयाँ क्षेत्र र नयाँ पेशा हो । उनको म्यानपावर कम्पनी गत आर्थिक वर्ष २०७७/०७८ मा सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारमा पठाउनेमध्येको पहिलो भएको थियो । सो सफलतासँगै भण्डारीमा थप केही नयाँ गर्ने आत्मविश्वास र उर्जा थपिएको छ । कडा मिहेनत, इमान्दारिता र लगनशीलताले पेसा व्यवसायमा सफल हुने सत्यलाई मुलमन्त्र बनाएका भण्डारीले वैदेशिक रोजगारसँगै होटल तथा ट्राभल्स व्यवसायलाई पनि अगाडि बढाएका छन् । ट्वीन्स होटल तथा ट्वीन्स ट्राभल्स सफलताका साथ सञ्चालन गरिरहेका भण्डारीले सफल हुन कडा मिहेनत र इमानदारिताको साथमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्न सक्नुपर्ने बताउँछन् । प्रस्तुत छ, युवा व्यवसायी भण्डारीसँग मध्यान्ह दैनिकका लागि **रेशमराज पौडेल**ले गरेको कुराकानीको सम्पादित अंश :

**अहिले यहाँ एउटा सफल युवा व्यवसायी बन्नुभएको छ । आफ्नो बाल्यकाल, शिक्षा, र पारिवारिक पृष्ठभूमिलाई कसरी बताउनुहुन्छ ?**

म सामान्य मध्यमवर्गीय परिवारमा जन्मे हुर्केको मान्छे हुँ । बाग्लुङ जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने ग्रामीण परिवेशमा हाम्रो परिवारले खेती किसानी गरेरै जिविकोपार्जन गर्दै यहाँसम्म आइपुगेको हुँ । ५ दाजुभाइ, ३ दिदीबहिनी र बुबाआमा गरी दश जनाको ठूलो परिवार हो । बुवाको गत वर्ष कोभिडको कारणले निधन भयो । मेरा २ जुम्ल्याहा छोराहरु छन् । मेरो बाल्यकालको धेरैजसो समय हिमाली भेगमा हुने पशुपालन (गोठ) मै बित्यो । असारमा वर्षे बिदा भएपछि वर्षायामका करिब ६ महिना ढोरपाटनका चौरहरूमा गाई भैंसीको गोठ जाने चलन थियो । वैशाखमा जाने र असोजमा एकै पटक वस्तुभाउसँगै औल (केही तल) गाउँमा आउने पुरानो चलन वा जिविकाको शैली थियो । परिवारका सदस्य वैशाखमा नै लेक जाने भएपनि हामी धेरैजसो सबै स्कुले विद्यार्थीहरु असारमा वर्षे बिदा शुरू भएपछि बुकी (लेक) तिर जान्थ्यौं । लेकमा चिसो हावापानी हुने हुँदा विभिन्न रोगहरुबाट बच्न पनि सबैका अभिभावकले छुट्टी हुँदा किशोरहरूलाई बुकीमै पठाउने गर्थे । गाई भैंसीको दुध खाने, पर्याप्त व्यायाम गर्ने चलन थियो । म स्कुलमा पढ्दा मिहेनती, अनुशासित र राम्रै विद्यार्थीमा गनिन्थें । अन्य कक्षाहरूमा तेस्रो वा चौथो स्थानमा हुने भएपनि एसएलसी परीक्षामा म हाम्रो विद्यालयबाट प्रथम श्रेणीमा उत्तीर्ण भएको थिएँ । प्लस टु बुटवलमा (व्यस्थापन) अध्ययन गरें र प्रथम श्रेणीमा नै उत्तीर्ण गरें, स्नातक र स्नातकोत्तर व्यवस्थापन विषयमा काठमाडौंबाट अध्ययन पूरा गरेको हुँ ।

**तपाईंको सामाजिक तथा पारिवारिक पृष्ठभूमिका धेरै युवायुवती हाल वैदेशिक रोजगारमा कार्यरत रहेका छन् । तपाईं कसरी सफल व्यवसायी बन्नुभयो ?**

म काठमाडौं आएको १० वर्ष भयो । मेरो जीवनमा हाल देखिएको सफलता मैले एकैदिनमा प्राप्त गरेको होइन । यसमा मेरो वर्षौंको कडा मिहेनत, पसिना र इमान्दारिता मिसिएको छ । कडा परिश्रम, इमान्दारिता, निरन्तरता र प्रतिकुल अवस्थाको धैर्यताले नै कुनै व्यक्ति वा व्यवसायी सफल हुन्छन् भन्ने कुरामा मैले विश्वास गर्छु । व्यापारमा जोखिम मोल्न तयार हुनुपर्छ, अनि इमान्दारिता पनि उत्तिकै जरुरी छ । आज जति कठिन छ, भोलि झनै कठिन अवस्था आउँछ । तर, एकदिन निश्चय नै गन्तव्यमा पुग्न सकिन्छ । गत वर्ष हाम्रो कम्पनी सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाउन सफल भयो । ‘टिम वर्क इज ड्रिम वर्क’ भन्ने भनाइलाई आत्मसात गर्छु र सोही अनुसार काम गर्दै जाँदा वर्षकै पहिलो नम्बरको उत्कृष्ट म्यानपावर बनाउने सफलता मिल्यो । एउटा सफलताले अर्को सफलताको लागि प्रेरित गर्दो रहेछ ।

**अहिलेको अवस्थामा व्यवसाय सञ्चालन गर्दा व्यवसायमा के-कस्ता समस्याको सामना गरिरहनु भएको छ ?**

सरकारी नीति र व्यवहारमा खासै तादात्म्यता मिलेको छैन । कानूनले व्यक्ति वा व्यवसायलाई विधिभित्र रहेर काम गर्न सक्ने गरी निर्माण गरेको हुनुपर्छ । त्यस्तो विधि अव्यवहारिक भएर कुनै कागजी खोस्टामा परिणत नहोस् भन्नेमा विधि निर्माणकर्ताले सचेतना र दुरदर्शिता देखाउनुपर्छ । वैदेशिक रोजगार व्यवसायीले कामदार पठाए बापत लिन पाउने सेवा शुल्क अलि व्यवहारिक भएन । दक्षिण एशियाली मुलुक सरह भएको भए काम अझै सहज र पारदर्शी ढंगले काम गर्न सकिन्थ्यो । कोही कसैलाई पनि नियतवश दुःख दिनु हुँदैन र कहिले काहीँ काम गर्दै जाँदा तलमाथि पनि हुनसक्छ । इमान्दार भएर अघि बढेमा हरेक समस्याको समाधान छ । वैदेशिक रोजगारसँग सम्बन्धित सबै निकायले अनलाइनमार्फत सेवा दिन सकेमा छिटो, छरितो र विश्वाशिलो बनाउन सकिन्थ्यो । वैदेशिक रोजगारमा जाने जो कोहीले मोबाइलमा एउटा क्युआर कोड बाहेक अरु कुनै पनि कागजातहरु बोक्न नपरोस्, सबै अनलाइनमार्फत नै गर्न सके राम्रो हुने थियो । यसका अतिरिक्त राष्ट्र सेवक कर्मचारीमा कसरी अड्काएर व्यवसायीबाट अनुचित लाभ लिन सकिन्छ भन्ने गलत मनोवृत्तिले पनि समस्या पारेको छ । कर्मचारीहरुको नियत र व्यवहार सुधार्न सकेमा धेरै चिजको सुधार हुनेछ । यस बाहेक नेपाली कामदारको सीप र दक्षता बढ्न नसक्दा उनीहरूले समकक्षी विदेशी कामदारले भन्दा बढी जोखिमयुक्त काम गर्नुपर्ने, तर, कम तलब सुविधा पाउने अवस्था छ । ओरियन्टेशन नाम मात्रको भएको छ । कानूनीरूपमा एजेन्ट हटे पनि उनीहरूले कामदारलाई घेराबन्दी गरेर सिधै म्यानपावर कम्पनी आउन नदिने अनुचित प्रलोभनमा पारेर ठगी गर्ने गरेका छन् । वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन यी खराबी रोक्न जरुरी छ ।

**सरकारले वैदेशिक रोजगारलाई शोषणमुक्त बनाउन फ्रि भिसा र फ्रि टिकट निर्णय गरेको आधा दशक भइसक्यो । फ्रि भिसा फ्रि टिकट पूर्णरूपमा कार्यान्वयन नहुनुको कारण के ठान्नु हुन्छ ?**

फ्रि भिसा फ्रि टिकटको सैद्धान्तिक पक्ष अत्यन्तै राम्रो छ । विपन्न अवस्थामा रहेका नेपाली दाजुभाइ सकेसम्म निःशुल्करूपमा नै वैदेशिक रोजगारमा जान पाउनुपर्छ । सबै म्यानपावर व्यवसायीले केही कम्पनीमा निःशुल्क पठाइरहेका छौं । तर सबै व्यवसायीले शतप्रतिशत निःशुल्क भने गर्न सकेका छैनौं । नेपालमा सरकारले निःशुल्क भनेपनि विदेशमा व्यापारमा निःशुल्क हुँदैन भन्ने मान्यता छ । अहिले रोजागारदाता पे सिस्टम र अर्को कामदार पे सिस्टम गरी दुई तरिकाले कामदार पठाइरहेका छौं । हामी सबैको चाहना रोजागारदाताले नै सम्पूर्ण भर्ना खर्चहरु प्रदान गरोस् भन्ने नै हो । सम्पूर्ण खर्च नतिरेको अवस्थामा स्वयं कामदारले हवाई टिकट गरेर जाने सम्मको व्यवस्था बनाउन सकेमा राम्रो हुने थियो । विगत सात वर्षको कार्यान्वयनमा यो निर्णय अव्यवहारिक प्रमाणित भइसकेको छ । भारत, पाकिस्तान तथा आसियान मुलुकसँग नेपाली व्यवसायीले प्रतिस्पर्धा गर्न सक्ने गरी शुल्क निर्धारण गर्नु पर्थ्यो । त्यस्तो भएको खण्डमा नेपाली कामदारका लागि आउने डिमाण्ड घट्ने थिएन भने सरकारले पनि अपेक्षित मात्रामा रेमिट्यान्स पाउँथ्यो ।

**कोरोना भाइरसको विश्वव्यापी असरपछि वैदेशिक रोजगार व्यवसायमा कस्तो स्थिति छ ?**

कोरोना महामारीपछि धेरैजसो देशहरु सामान्य अवस्थामा फर्किसकेका छन् । लामो समयको बन्दाबन्दीपछि खुला भई व्यापार व्यवसाय बढेपछि नेपाली कामदारहरुको माग पनि धेरै बढेको छ र रोजगारी खोजीमा वैदेशिक रोजगारमा जान खोज्नेहरु पनि उत्तिकै छन् । यो डिमाण्ड र सप्लाईको तादम्यता मिलाउन सक्ने हो भने धेरै नेपाली दाजुभाइहरुले विदेशमा भए पनि रोजगार पाउने थिए । अन्य श्रोत मुलुकभन्दा नेपालको कामदार भर्ना प्रक्रिया झन्झटिलो र लामो भएकोले रोजागारदाताहरु नेपाली व्यवसायीसँग त्यति खुशी छैनन् । केही रोजगारदाताले यसै कारणले गर्दा नेपाललाई दिएको डिमाण्ड रद्द गरी अन्य देशहरुबाट पनि कामदार लिएका छन् । पछिल्ला दिनमा मलेसियामा न्यूनतम तलब १५ सय र कतारले १३ सय रिंगेट बनाएकोले पनि वैदेशिक रोजगारमा जान आकर्षण बढेको छ ।

**विदेशस्थित कूटनीतिक नियोगले वैदेशिक रोजगार व्यवसाय सञ्चालनमा कस्तो भूमिका खेलेको पाउनु भएको छ ?**

देश आर्थिक संकटमा छ । बेरोजगारी समस्या चर्को छ । तर विदेशस्थित दूतावासहरूमा काम गर्ने कर्मचारीले आफ्नो भूमिका र दायित्व नबुझेको जस्तो देखिन्छ । कुटनैतिक नियोगमा जानु भनेको जसरी भएपनि पैसा कमाउने र ऐस आराम गर्ने हो भन्ने परेको छ । ढिलासुस्ती गरेर अड्काउ र कमाउ भन्ने जस्तो देखिएको छ । उहाँहरूले सहजरूपमा मागपत्र प्रमाणित गरिदिने र समस्यामा पर्ने कामदारको समस्या चासोका साथ हेरिदिए अहिले व्यवसायी र कामदारमा रहेको निराशा र आक्रोस हट्छ भने आर्थिक संकटबाट देशलाई मुक्त गर्न ठूलो सहयोग पुग्ने थियो ।

**तपाईंहरूले सरकारी कर्मचारीमाथि दोष थोपरिरहँदा म्यानपावरकै कारण वैदेशिक रोजगारी व्यवसायको क्षेत्रमा विकृति बढेको कुरा गैरसरकारी संस्थाहरूको आरोप छ ? यो विषयलाई कसरी लिनुभएको छ ?**

मानव अधिकारका विषयमा आवाज उठाउनु गैरसरकारी संघ संस्थाको कर्तव्य नै हो । तर नेपालको वैदेशिक रोजगार व्यवसायका बारेमा उनीहरूको दृष्टिकोण पूर्वाग्रही देखिन्छ । कतिपयले अध्ययन नै नगरी हचुवाका भरमा बदनाम गरिरहेका छन् । डिमाण्ड खोज्नेदेखि श्रम स्वीकृतिसम्मका प्रक्रियामा कति झन्झटिला प्रक्रिया छन्, उनीहरूले बोल्न चाहँदैनन् । सरकारले दक्षिण कोरिया र इजरायल कामदार पठाउँदा कति रकम लिएको छ । यस विषयमा उनीहरू बोल्नुपर्ने हैन र ? अर्कोतिर एजुकेसन कन्सल्ट्यान्सीहरूले ब्लक ब्लकमा ठगी गरेका छन् । वैदेशिक रोजगार विभागले पछिल्लो पटक सार्वजनिक गरेका ठगीका घटनाले वैदेशिक रोजगार व्यवसायीलाई बद्नाम गर्न को संलग्न रहेछन् भन्ने सार्वजनिक भएको छ । गैरसरकारी संस्थाले वैदेशिक रोजगार व्यवसायीमाथि एकोहोरो आरोप लगाउनु हुँदैन । व्यवसायीका केही कमजोरी छन् । उहाँहरूले पनि आफुलाई अनुशासनको दायरामा राख्न सक्नुपर्छ ।

**खाडी र मलेसिया केन्द्रित भएको नेपालको वैदेशिक रोजगारलाई युरोपेली देशहरुमा विस्तार गर्न सकिँदैन ?**

हामीले युरोपेली मुलुकमा नेपाली कामदार पठाउन प्रयास नगरेको होइन । मञ्चको ठूलो टिम नै युरोपेली मुलुकहरूमा पुगेर स्थलगत अध्ययन गरेको छ । अहिले बेलायतमा सिजनल कृषि कामदारको माग छ । तर ती ठाउँमा नेपाली कामदार पठाउन दूतावासहरू असहयोगी देखिए । मागपत्र प्रमाणित नगर्ने, गरेपनि महिनौं लगाउने गर्दा व्यवसायी हतोत्साहित भएर खाडी र मलेसियामा नै केन्द्रित हुनुपर्ने बिडम्बनायुक्त अवस्था छ ।

**अन्य क्षेत्रमा जस्तै वैदेशिक रोजगार व्यवसायीमा पनि अति पार्टी राजनीति हाबी भएको गुनासो छ । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चको उपाध्यक्षका हैसियतले यो गुनासोलाई कसरी हेर्नु भएको छ ?**

व्यवसाय सफलताका लागि मसँग भएको ज्ञान, सीप र क्षमताको उच्चतम प्रयोग गर्न, वैदेशिक रोजगारका विविध विषयमा केही नयाँ कुरा सिक्न, अन्य घटक संस्थाहरूसँग समन्वय र सहकार्य गरी वैदेशिक रोजगार क्षेत्रमा लामो समयदेखि समाधान हुन नसकेर थाती रहेका विषयहरूको समाधान खोज्न योगदान हुन सकोस् भनेर म प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चमा आवद्ध भएको हुँ । म अहिले सो संगठनको उपाध्यक्ष जस्तो जिम्मेवार पदमा रहेर काम गरिरहेको छु । सरकारी पक्षका कतिपय पूर्वाग्रह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण वैदेशिक रोजगार व्यवसाय समस्यामा जकडिएको छ । यहाँ राजनीति गरेर समस्या थप्ने होइन आफ्नोतर्फबाट समाधान खोज्नुपर्ने भएकोले कसैले पनि यस क्षेत्रमा पसेर राजनीति गर्ने सोंच राख्नु हुँदैन । समस्याको समाधान पहिलो र प्राथमिक विषय हो । दलीय व्यवस्थामा राजनीतिप्रति आस्था र चासो राख्नु सचेत नागरिकको कर्तव्य पनि हो । तर, सबै विषयमा पार्टीगत दृष्टिकोण राख्नु हुँदैन ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

परोहा नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न:
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



२) चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपाय :
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया, रौतहट
मधेश प्रदेश, नेपाल

ईशनाथ नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न:
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



२) चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपाय :
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा ,रौतहट
मधेश प्रदेश, नेपाल

यमुनामाई गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न:
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



२) चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपाय :
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



गढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

गढीमाई नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न:
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



२) चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपाय :
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**